म.जि. प्र. का. द.नं. : १०६/०६८, वर्ष १४ अंक २१९ शुक्रबार, ८ चैत २०८१ ने. सं. ११४५ चिल्लागा 21 March 2025 www.sajhakuranews.com पृष्ठ संख्या ४ मूल्यः रु. ३/-

मकवानपुरबाट प्रकाशित लोकप्रिय 'क' वर्गको पत्रिका

साझाकुरा

# साझाकुरा

राष्ट्रिय दैनिक

www.sajhakuranews.com

**पानीका स्रोतको संरक्षण गरौं**

☞ वनसम्पदाको संरक्षण गरौं,
☞ खुला ठाउँमा वृक्षरोपण गरौं,
☞ इनार, कुवा, पोखरी, पानी पँधेरोजस्ता पानीका स्रोतको संरक्षण गरौं,
☞ भूमिगत पानीको दोहन नगरौं,
☞ पानीका स्रोतको संरक्षणबारे जनचेतना अभिवृद्धि गरौं,
☞ खोलानाला, पोखरी, ताल वरिपरि सफा र हराभरा राखौं ।

नेपाल सरकार
विज्ञापन बोर्ड

### श्रमिकलाई सामाजिक सुरक्षा कोषमा आबद्ध गराउन

## भीमफेदीबाट सिक्दै काठमाडौं, भरतपुर महानगर

साझाकुरा संवाददाता

हेटौंडा, ७ चैत/ अनौपचारिक क्षेत्रका श्रमिकलाई सामाजिक सुरक्षा कोषमा आबद्ध गराउने प्रक्रिया र यसको अवस्थाबारे सिक्न महानगरसहित ६ पालिका प्रतिनिधि भीमफेदी गाउँपालिका आइपुगेका छन् ।

अनौपचारिक क्षेत्रका श्रमिकलाई कोषमा आबद्ध गराउने प्रक्रिया काठमाडौं महानगर पालिकादेखि चितवनको भरतपुर महानगरपालिकासम्म ६ वटा पालिकाको जनप्रतिनिधि र कर्मचारीको टोलीले भीमफेदी आएका हुन् । अनौपचारिक क्षेत्रका श्रमिकसँगको सम्पर्क, कोषको बारेमा श्रमिकलाई पहिलोचरणमा गरिने परामर्शदेखि यसको प्रक्रियाका बारेमा काठमाडौं, भरपुरसहित हेटौंडा उपमहानगर, माडी, शंकरापुर, बुढानीलकण्ठ नगर पालिकाबीच सिकाई आदानप्रदान गरिएको भीमफेदी गाउँपालिका अध्यक्ष हिदम लामाले बताए ।

संवैधानिक अधिकार सामाजिक सुरक्षा कोषलाई जनताले अनुभूति गर्नेगरी काम गरिएको उनको भनाई छ । भीमफेदी गाउँपालिका अनौपचारिक क्षेत्रका श्रमिकलाई सामाजिक सुरक्षा कोषमा आबद्ध गराउने देशकै पहिलो गाउँपालिका हो । भीमफेदीले २०८०/८१ र ८१/८२ मा दुई वर्षभित्र अनौपचारिक क्षेत्रका १ सय ९७ जना श्रमिकलाई कोषमा आबद्ध गराइसकेको छ ।



पछिल्लोपटक २६ फागुन २०८१ मा भीमफेदीले दोस्रोपटक ९९ जना श्रमिकलाई कोषमा आबद्ध गराएको हो । भरतपुर महानगरका उपमेयर चित्रसेन अधिकारी, काठमाडौं महानगरबाट रोजगार सेवाकेन्द्र प्रमुख लक्ष्मी राई, माडी नगरपालिकाबाट उपमेयर खेमराज महतो, शंकरापुरका उपमेयर समिता श्रेष्ठ, हेटौंडा उपमहानगरका प्रवक्ता तथा १ नम्बर वडाध्यक्ष सविन न्यौपाने र बुढालनीकण्ठका प्रवक्ता नवराज भट्टराई नेतृत्वको टोली भीमफेदीमा आयोजित अन्तर स्थानीय तह सिकाई आदानप्रदान कार्यक्रममा सहभागी भएको हो ।

कार्यक्रममा ७ वटै पालिकाबीच श्रमिकलाई कोषमा आबद्ध गराउने प्रक्रिया, स्रोतको सुनिश्चितता र यसको दीगोपनाको विषयमा छलफल भएको भीमफेदीका अध्यक्ष लामाले बताए । उनले संघीय र प्रदेश सरकारले अनौपचारिक क्षेत्रका श्रमिकलाई कोषमा आबद्ध गराउन स्थानीय तहलाई वित्तीय व्यवस्था गर्नुपर्ने धारणा राखे । गाउँपालिकाले आगामी वर्ष महिला स्वयंमसेविकालाई कोषमा आबद्ध गराउने योजना बनाएको छ ।

भरतपुरका उपमेयर अधिकारीले ३ किलोमिटर सडक बनाउने बजेट कटाएर भएपनि श्रमिकलाई सामाजिक सुरक्षा कोषमा आबद्ध गराइने प्रतिबद्धता जनाए । 'भीमफेदीले देशमै पहिलोपटक कार्यक्रम कार्यान्वयन गरेर सबै पालिकालाई सन्देश दिएको छ । अब भरतपुर दोस्रो हुनेगरी काम गर्छ,' अधिकारीले भने । उनले भीमफेदीले गरेको कामको अनुशरण गर्दै सबै पालिकाले आफ्ना क्षेत्रका श्रमिकलाई कोषमा आबद्ध गराउनुपर्नेमा जोड दिए ।

हेटौंडा उपमहानगरका प्रवक्ता न्यौपानेले पालिकाहरु पूर्वाधार क्षेत्रमा मात्र नभई सामाजिक क्षेत्रको विकासमा अग्रसर हुनुपर्ने बताए । 'अनौपचारिक क्षेत्रका श्रमिकहरु ५ दिन काममा गएनन् भने घरमा छाक टुट्ने अवस्था छ । यो अवस्थाका श्रमिकलाई कोषमा आबद्ध गराएर सुरक्षित गराउनुपर्छ' न्यौपानेले भने । कोषबाट प्रदान हुने स्वास्थ्यलगायतका सेवासुविधाका बारेमा श्रमिकलाई हरेक पालिकाले परामर्श गर्नुपर्ने उनको भनाई छ ।

सामाजिक सुरक्षा योजनामा आवद्ध भएपछि श्रमिकले औषधिउपचार, स्वास्थ्य तथा मातृत्व सुरक्षायोजना, दुर्घटना तथा अशक्तता सुरक्षायोजना, आश्रित परिवार सुरक्षायोजना र वृद्धअवस्था सुरक्षायोजनाबाट सुविधा उपभोग गर्न सकिने छ । श्रमिकका दम्पति र कोषमा आवद्ध भएका परिवारका १८ वर्ष मुनिका बालबालिका जस्ता विभिन्न योजनामा सहभागी भई योजनामा उल्लेख सेवासुविधा हासिल गर्न सकिने उनले बताए ।

अनौपचारिक क्षेत्रका श्रमिकका लागि तोकिएको मासिक १० हजार ८२० रुपैयाँ (महंगी भत्ताबाहेक) मा पारिश्रमिकबाट ११ प्रतिशत अर्थात १ हजार १९० रुपैयाँ र भीमफेदी गाउँपालिकाले ९ दशमलव ३७ प्रतिशत अर्थात १ हजार १४ रुपैयाँ गरी २ हजार २०४ रुपैयाँ सामाजिक सुरक्षा कोषमा जम्मा हुने गाउँपालिकाको प्रमुख प्रशासकीय अधिकृत जीवन कुँवरले बताए ।

गाउँपालिकाले चालु आर्थिक वर्ष २०८१/८२ मा कोषमा श्रमिकलाई आबद्धता गराउन २५ लाख बजेट विनियोजन गरेको थियो । गत आव २०८०/८१ मा १३ लाख बजेटबाट कार्यक्रम कार्यान्वयन गरिएको गाउँपालिका कुँवरले जनाए । सामाजिक सुरक्षा कोषले ११ मंसिर २०७७ सालदेखि योगदानमा आधारित सामाजिक सुरक्षा कार्यक्रम सुरु गरेको हो ।

## निर्माण व्यवसायीलाई सिडियोको आग्रह 'कामप्रति जवाफदेही हुनुस्'



साझाकुरा संवाददाता

हेटौंडा, ७ चैत/ मकवानपुरकी प्रमुख जिल्ला अधिकारी स्किम श्रेष्ठले निर्माण व्यवसायीलाई जिम्मा लिएको काम समयमै पूरा गर्न आग्रह गरेकी छिन् ।

निर्माण व्यवसायी संघ मकवानपुरले बिहिबार आयोजना गरेको स्वागत कार्यक्रममा बोल्दै उनले हतारमा न्यूनतम मूल्यमा ठेक्का सम्झौता गर्ने तर, काम नगर्ने परिपाटीको अन्त्य गर्नुपर्नेमा जोड दिइन् । उनले निर्माण व्यवसायीमा कामप्रति जवाफदेहिता न्यून भएको बताइन् । 'सोचेको भन्दा पनि धेरै बिलोमा ठेक्का लिनुहुन्छ, त्यसमा तपाईहरुले टेक्निकल्ली विचार गर्दिनुपऱ्यो' उनले भनिन् ।

प्रमुख जिल्ला अधिकारी श्रेष्ठले सरकार र निर्माण व्यवसायी दुबैमा समस्या रहेको बताइन् । एकातिर निर्माण व्यवसायीले सम्पन्न भइसकेका कामको भुक्तानी नपाउँदा अर्कोतिर सरकारले बजेट छुट्याउँदा पनि फ्रिज हुने अवस्था रहेको उनले जिकिर गरिन् । आर्थिक मन्दीको समयमा सबैले आआफ्नो तर्फबाट योगदान गर्न उनले आग्रह गरिन् । निर्माण व्यवसायीलाई भइरहेको कानुनी अड्चनको गाँठो फुकाउन सरकार तयार रहेको उनले बताइन् । प्रमुख जिल्ला अधिकारी श्रेष्ठले सरकार आफ्नो भूमिकाबाट बिमुख नहुने समेत प्रतिबद्धता जनाइन् तर, जिम्मा लिएका साना, ठूला सबै योजनालाई निर्माण व्यवसायीले सम्पन्न गर्नुपर्ने उनले बताइन् ।

प्रमुख जिल्ला अधिकारी श्रेष्ठले वर्तमान समयमा निर्माण व्यवसायीले समाजको विश्वास नै जित्न नसकेको बताइन् । 'हामी तपाईहरुसँग कानुनीरुपमा सहजीकरण गर्न तयार छौं तर, यहाँहरुले पनि अनटाइम काम गर्नुपऱ्यो' उनको आग्रह थियो ।

प्रमुख जिल्ला अधिकारी श्रेष्ठले सन् २१०० सम्म समुन्नत राष्ट्र बनाउने अभियानलाई निर्माण व्यवसायीको पनि महत्वपूर्ण भूमिका रहने बताइन् । समृद्ध नेपाल, सुखी नेपालीको राष्ट्रिय आकांक्षा पूरागर्ने प्रमुख आधार निर्माण व्यवसायी नै रहेको उनको भनाई छ । निर्माण व्यवसायी सक्षम, दक्ष भएमात्र राष्ट्र निर्माणको लक्ष्य प्राप्त गर्न सकिने उनको धारणा थियो ।

उनले निर्माण व्यवसायीको पनि क्षमता विकास गर्नुपर्नेमा जोड दिइन् । कानुनबमोजिम काम गर्न व्यवसायीलाई अभिप्रेरित गर्न पनि उनले संघलाई आग्रह गरिन् । प्रमुख जिल्ला अधिकारी श्रेष्ठले कानुन निर्माणको क्रममा पनि व्यवसायीको सल्लाह सुझाव जरुरी भएको बताइन् ।

निर्माण व्यवसायी सफल हुँदा पनि नेतृत्ववर्ग सफल हुने उनको भनाई छ । बलियो पूर्वाधार निर्माणबाट मात्र समृद्ध समाज निर्माण गर्न सकिने उनले बताइन् । त्यसैगरी कार्यक्रममा हेटौंडा उपमहानगर पालिका प्रमुख प्रशासकीयअधिकृत भरत गौतमले आफूहरुबीच कमकमजोरीलाई सुधार गर्दै अगाडि बढ्ने बताएका छन् ।

कार्यक्रममा संघका अध्यक्ष बालगोपाल कँडेलले निर्माण व्यवसायीले भोग्नुपरेका समस्यामा जानकारी गराएका थिए । संघका महासचिव राजेन्द्रप्रसाद चौलागाईँले १ करोड रुपैयाँसम्मका योजना पनि उपभोक्ता समितिमार्फत् नभई टेन्डर मार्फत् नै हुनुपर्ने बताए । निर्माण सामग्रीमा भएको अस्वभाविक मूल्यवृद्धि, समयमै भूक्तानी नपाउँदा परेको समस्या लगायतका विषयमा उनले जानकारी गराए ।

## बागमती प्रदेश विश्वविद्यालयको डिनमा विश्वकर्मा नियुक्त



साझाकुरा संवाददाता

हेटौंडा, ७ चैत/ बागमती प्रदेश विश्वविद्यालयको कानुन तथा व्यवस्थापन संकायको डिनमा डा.गंगाराम विश्वकर्मा नियुक्त भएका छन् । डिन सिफारिस समितिको सिफारिसमा विश्वविद्यालयको बोर्ड अफ ट्रस्टीका अध्यक्ष चन्द्रमणि पौडेलले डा. विश्वकर्मालाई कानुन र व्यवस्थापन संकायको डिनमा नियुक्त गरेका हुन् । उनलाई तत्काल लागू हुनेगरी व्यवस्थापन तथा कानुन संकायको डिनमा नियुक्त गरेको विश्वविद्यालयका उपाध्यक्ष डा. कुसुमराज सुवेदीले जानकारी दिए । उनका अनुसार व्यवस्थापन र कानुन संकायको शैक्षिक कार्यक्रम, अनुसन्धान पहल र प्रशासनिक कार्यको निरीक्षण गर्नेगरी उनको जिम्मेवारी तोकिएको डा. सुवेदीले बताए ।

उनको उद्देश्य शिक्षाको गुणस्तर बढाउने, नवप्रवर्तन, अनुसन्धानलाई बढवा दिने र संकायभित्र सामुदायिक संलग्नतालाई सुदृढ गर्ने उनको भूमिका रहेको छ । विश्वविद्यालय गत फागुन ११ मा डिन नियुक्तिका लागि सार्वजनिक सूचना आह्वान गरिएको थियो । प्रदेश उच्चशिक्षा ऐन, २०७८ तथा नियमावली, २०७९ संशोधन सहित, प्रदेश विश्वविद्यालयको विधान, २०८१ र बागमती प्रदेश विश्वविद्यालयको डीन सिफारिससम्बन्धी मापदण्ड, २०८१ अनुसार आवेदन माग गरिएको थियो । सूचनाको आधारमा पेस भएका निवेदनबाट ५ जनाको नाम सर्टलिस्ट गरेर छनोट गरिएको डा. सुवेदीले बताए ।

विश्वविद्यालयले धरमपुर-५, झापाका डा. विश्वकर्मा सहित भक्तपुर-९, भक्तपुरका डा. डिबंगर खोटेजा, दोरम्बा-३, रामेछापका डा. दीपक महत, भरतपुर-४, चितवनका डा. सुदीप वाग्ले र रुपाकोट-३, तनहूँका डा. शिवराज अधिकारीको नाम संक्षिप्त सूचितमा समावेश गरेर प्रस्तुतीकरण तथा अन्तरवार्ताका लागि चैत ५ गते बोलाएको थियो । अन्तरवार्ता र प्रस्तुतीकरणको आधारमा डा. विश्वकर्मालाई डिनमा नियुक्त गरिएको डा.सुवेदीले बताए ।

## अधुरा योजना सम्पन्न गर्नुपर्नेमा मन्त्री खड्काको जोड

साझाकुरा संवाददाता

हेटौंडा, ७ चैत/ बागमती प्रदेशका खानेपानी, उर्जा तथा सिचाई मन्त्री श्यामबहादुर खड्काले अधुरा योजनालाई सम्पन्न गर्नुपर्नेमा जोड दिएका छन् ।

बिहिबार हेटौंडामा भएको खानेपानी, उर्जा तथा सिचाई मन्त्रालयको दोश्रो चौमासिक समीक्षा कार्यक्रममा बोल्दै मन्त्री खड्काले नयाँ योजना सिफारिस गर्ने भन्दा पनि विगतदेखि नै अधुरा रहेका योजनालाई पूरा गर्नुतर्फ ध्यान केन्द्रित गर्नुपर्ने बताए । 'संघीय सर्तका योजना होस् या प्रदेशको योजना होस् अधुरा योजनालाई सम्पन्न गर्नेतर्फ हामी अगाडि बढ्नुपर्छ' उनले बताए । प्रदेश सरकार अहिले बजेट बनाउने चरणमा रहेको बताउँदै उनले अधुरा योजना सम्पन्न गर्न लाग्ने अनुमानित लागत पेश गर्न पनि डिभिजन प्रमुखहरुलाई आग्रह गरे ।

'हाम्रो मन्त्रालय विकासे मन्त्रालय हो, अलिअलि बेरुजु देखिनु सामान्य हो' उनले भने । मन्त्री खड्काले कामको सिलसिलामा देखिएका बेरुजु रकमलाई पनि कम गर्ने गरी काम गर्न डिभिजन प्रमुखलाई निर्देशन दिए । जनताले सेवा, सुविधा पाउने योजनालाई प्राथमिकता दिनुपर्ने मन्त्री खड्काले बताए । विगतमा जस्तो राजनीतिक पहुँचको आधारमा नभई आवश्यकताको



आधारमा योजना छनोट गर्नुपर्नेमा उनको जोड थियो । आयोजना बैंक स्थापनापश्चात् टुक्रे योजना कम हुने उनको भनाई छ तर, जनताले सेवा पाउने, नगरी नहुने टुक्रे योजनालाई खानेपानी मन्त्रालयले भने अगाडि बढाउने मन्त्री खड्काले बताए ।

'अर्थमन्त्रीज्यूले पनि खानेपानी बाहेक अन्य क्षेत्रमा २५ लाख भन्दा कमको योजना नहाल्ने भनिसक्नुभयो' उनले भने । भौगोलिक अवस्थाको कारण पनि ५ लाखको योजनालाई अगाडि बढाउनुपर्ने बाध्यता रहेको उनले जिकिर गरे ।

मन्त्री खड्काले गत असोजमा आएको विपद्को कारण ३ अर्ब ४३ करोडको संरचना ध्वस्त भएको समेत बताए । विपद्को रकम नआउँदा आफुहरुलाई पुनंर्संरचनाको काम गर्न समेत अप्ठ्यारो परेको उनले उल्लेख गरे ।

मन्त्रालयका सचिव मोहनकुमार शाक्यको सभाध्यक्षतामा भएको कार्यक्रममा जलस्रोत तथा सिचाई विकास डिभिजन कार्यालय तथा खानेपानी सरसफाईका प्रमुखहरुले कार्यप्रगति प्रस्तुत गरेका थिए । मन्त्रालयको पछिल्लो ८ महिनाको अवधिमा कूल विनियोजित बजेटको २७ दशमलब ७४ प्रतिशत खर्च गरेको छ । जसमध्ये चालूतर्फ ४९ दशमलव ५५ प्रतिशत र पूँजीगततर्फ २६ दशमलव ७४ प्रतिशत खर्च भएको मन्त्रालयले जनाएको छ । त्यसैगरी कार्यालयगत रुपमा २७ दशमलब ७४ प्रतिशत वित्तीय प्रगति र ४५ दशमलब ०८ प्रतिशत भौतिक प्रगति भएको छ ।

**सम्पूर्ण ब्राण्डका गाडी**
**एकै ठाउँमा सम्पूर्ण सेवासहित**

☞ कार वास भित्र/बाहिर
☞ वायरिङ मर्मत
☞ मेशिनद्वारा A/C मर्मत तथा ग्याँस रिफिलिङ
☞ सेन्सरसम्बन्धी समस्या कम्प्युटरबाट जाँचिने
☞ डेन्ट, पेन्ट, प्लाष्टिक/ग्याँस/इलेक्ट्रिक वेल्डिङ
☞ टायर ब्यालेन्स, पन्चर र फेर्ने काम मेशिनबाट
☞ हेटौंडामै पहिलो पटक N2 (Nitrogen) हावा टायरमा भरिने
☞ इन्जिनसम्बन्धी सबै काम

**Himalayan Motors Pvt.Ltd.**
हेटौंडा, चौकीटोल,
सम्पर्क नं.: ०५७-५९०३३३

साझाकुरा

## हाम्रो कुरा

# योजना बैंक व्यवस्थापन

बागमती प्रदेश सरकारले आयोजना बैंक व्यवस्थापन सूचनाप्रणालीको कार्यारम्भ गरेको छ । प्रदेश नीति तथा योजना आयोगमार्फत् प्रदेश सरकारले सूचनाप्रणालीको कार्यारम्भ गरेको हो । आयोगले बुधबार हेटौंडमा आयोजना गरेको एक कार्यक्रमबीच मुख्यमन्त्री बहादुरसिंह लामाले आयोजना बैंक व्यवस्थापन सूचनाप्रणालीको शुभारम्भ गरेका हुन् । आयोजना बैंकको अभावमा बजेटमा समावेश भएका कार्यक्रमको विस्तृत सम्भाव्यता अध्ययन नहुनु, इन्जिनियरिङ डिजाइनको अभाव, स्रोतसाधनको सुनिश्चितता नहुने समस्या बेहोर्नु परेको अवस्था थियो । आयोजना बैंक नहुँदा योजनाहरु कार्यान्वयन, सञ्चालन, अनुगमन, मूल्यांकन तथा पृष्ठपोषणमा समेत समस्या हुँदै आएको थियो । आयोजना बैंकको अभावमा प्रदेश सरकारको कमजोर आन्तरिक प्रतिवेदन प्रणाली, नतिजामुखी अनुगमन र मूल्यांकन तथा कार्यान्वयन नहुने अवस्था थियो । नीति तथा कार्यक्रमलाई योजनाबद्धरुपमा अगाडि बढाउनका लागि योजनाको पहिचान, छनोट तथा प्राथमिकीकरण गर्ने उद्देश्यले प्रणालीको शुभारम्भ गरिएको मुख्यमन्त्री लामाले बताए । आयोजना बैंकको शुभारम्भसँगै बजेट कार्यान्वयनलाई व्यवस्थित गर्न सकिने मुख्यमन्त्री लामाको विश्वास रहेको छ ।

आयोगले निर्धारण गरेको मापदण्डका आधारमा योजना प्रणालीमा प्रविष्ट हुने भएकाले टुक्रे योजना र खल्तीबाट योजना हाल्ने प्रवृतिको अन्त्यका लागि योजना बैंक प्रभावकारी बन्ने उनको दाबी छ । मुख्यमन्त्री लामाले सुशासन कायम गर्न र भ्रष्टचार न्युनीकरण गर्न पनि आयोजना बैंक महत्वपूर्ण सावित हुने बताए । जनतामा देखिएको नैराश्यतालाई पनि आयोजना बैंकमार्फत् चिर्न सकिने उनको भनाई छ । विगतका योजनालाई अद्यावधिक गरी बैंकले योजनाको प्राथमिकीकरण गरिनेछ । योजना बैंकमार्फत् प्रदेशको सबै निर्वाचन क्षेत्रमा योजना समावेश गरिने भएकोले भ्रष्टचार पनि कम हुनेमा विश्वास लिइएको छ । योजना सबै ठाउँमा पुग्नुपर्छ भन्ने मान्यता प्रदेश सरकारको रहेको बताइएको छ । राजनीतिक दलहरुले मात्र नभई प्रदेशबासीले समेत अपनत्व गर्ने गरी योजना बैंकको अवधारणा अघि सारेको हो । सबै राजनीतिक दलको साथ र सहयोग रहे मन्त्रीपरिषद् बैठकबाट आयोजना बैंकलाई लागू गर्ने निर्णय गरिने प्रतिबद्धता जनाइएको छ । योजना छनोटदेखि मूल्यांकन र प्रभावकारिताका विषयमा बढ्दो जनगुनासोलाई सम्बोधन गर्न लागि योजना बैंकको अवधारणा ल्याइएको हो ।

योजना बैंकको अभावमा विगतमा देखिएको समस्या हल गर्ने उद्देश्यले योजना बैंक सञ्चालनमा ल्याइएको हो । प्रदेश सरकारको लगानी सञ्चालित मेगा प्रोजेक्टका साथै अन्य आयोजनाको प्रभावकारिताको विषयमा अध्ययन भैरहेको बताइएको छ । विगतमा समय अभावको कारण नीति कार्यक्रम र बजेटमा तालमेल मिल्न नसकेको हो । यसपालि वैशाखको पहिलो सातामै नीति कार्यक्रम प्रस्तुत गर्ने तयारीमा प्रदेश सरकार रहेको हो । खानेपानी बाहेक अन्यको हकमा २५ लाख भन्दा कमको योजना नहाल्ने बताइएको छ । प्रदेश नीति तथा योजना आयोगका उपाध्यक्ष गंगादत्त नेपालले आयोगबाट निर्धारीत मापदण्डअनुसार प्रणालीमा प्रविष्ट भएका योजनाको मूल्यांकन तथा प्राथमिकीकरण गरिने बताएका छन् । ७५ अंक वा सोभन्दा माथिको योजना पहिलो प्राथमिकता र सो भन्दा कम अंकका योजनालाई दोस्रोमा राखेर सोही अनुसार बजेट विनियोजन हुनेछ । कार्यक्रममा सहभागी प्रदेशसभा सदस्यहरुले योजना बैंक कार्यान्वयनमा भने आशंका रहेको बताएका थिए । आयोजना बैंक नहुँदा प्रदेश सरकारको बजेट कार्यक्रममा योजनाको संख्या अत्यधिक हुने, लागत विश्लेषण तथा छनोट प्रक्रिया पूरा नहुने, जोखिम मूल्यांकनमा कमजोर, विश्लेषणमा प्राविधिक ज्ञानको कमी, वातावरणीय प्रभाव मूल्यांकन नहुने लगायत समस्या हुँदै आएको थियो ।

## महत्वपूर्ण टेलिफोन नम्बरहरु

### मकवानपुर प्रहरी

| | |
|---|---|
| प्रहरी कन्ट्रोल: | १०० |
| जिल्ला ट्राफिक: | ५२०५९९ |
| वडा प्रहरी: | ५२०२९९ |
| पशुपतिनगर इलाका: | ५२०५९८ |
| पालुङ इलाका: | ६२०४६७ |
| मनहरी इलाका: | ९८५५०९०१६१ |
| इलाका फापरबारी: | ६२१९८० |
| इलाका भीमफेदी: | ६९१४६२ |
| इलाका ठिंगन: | ९८४५२९९३८१ |
| चौकीटोल चौकी | ९७४२५५९५०१ |
| चित्लाङ चौकी: | ६९२००० |
| चौघडा चौकी | ९८४४०५४६०४ |
| नेवारपानी चौकी: | ९७५५०००२९९ |
| फाखेल चौकी: | ९८४५०३१३९८ |
| पदमपोखरी चौकी: | ९८४५०९९७८९ |

### एम्बुलेन्स सेवा

| | |
|---|---|
| नेपाल रेडक्रस: | ५२०७११, ९८५५०२८९५२ |
| हेटौंडा अस्पताल: | ५२०३०५ |
| परिवार नियोजन संघ: | ५२०७४५,९८४५१०४५०० |
| मनहरी रेडक्रस: | ९८४५१०५८२१ |
| छतिवन रेडक्रस: | ९८६१६२२३११ |
| भीमफेदी रेडक्रस: | ६२०६९९ |
| पालुङ रेडक्रस: | ९८१४२०७४०१ |
| बज्रबाराही रेडक्रस: | ९८४५३०२९८४ |
| सहकारी अस्पताल: | ०५७-५२६५८७, ९८४५६१९११४ |
| बसामाडी एम्बुलेन्स: | ९८४५२९७५७९ |
| बारुण यन्त्र: | १०१ |
| बाल हेल्पलाइन नेपाल: | १०९८ |
| माइती नेपाल: | ५२१०५० |
| अपाङ्ग बाल अस्पताल | ९८४५२९६४४५ |

सार्वजनिक हितको लागि
साझाकुरा राष्ट्रिय दैनिक

## भोलिको पात्रो

भोलि वि.सं. २०८१ चैत ९ गते शनिबार २२ मार्च २०२५ । अष्ठमी, फागुन शुक्लपक्ष । चिल्लागा ११४५ ने.सं. । सूर्योदय ६:८, सूर्यास्त ६:१५ । शीतलाष्टमी । विश्व पानी दिवस

## आजको राशिफल

| | | | |
|---|---|---|---|
| मेष | : मानसिक सन्तोष हुनेछ | तुला | : अधुरा काम सम्पन्न हुनेछ |
| वृष | : धन प्राप्ति हुनेछ | वृश्चिक | : सवारी साधनबाट क्षति हुन सक्नेछ |
| मिथुन | : व्यापारमा नयाू योजना बन्नेछ | धनु | : रिसाउने बानीले काम बिग्रनेछ |
| कर्कट | : कठिनाई कम हुनेछ | मकर | : नोकरीबाट असन्तोष बढ्नेछ |
| सिंह | : साथीभाइमा मनमुटाव हुनेछ | कुम्भ | : सोचेर अगाडि बढ्नुपर्ने देखिन्छ |
| कन्या | : नयाँ काम समय देखिन्छ | मीन | : धार्मिक कार्यबाट प्रगति हुनेछ |

# अराजनीतिक बौद्धिकता र मन्थरावाद



मुक्तिबन्धु

हाम्रो समाज गतानुगतिक परम्पराबाट कति अगाडि बढेको छ त ? मापन सजिलो छैन । राजनीतिक स्थिति हेर्दा त झनै जटिल छ । एकपटक तलको संवाद हेरौं ।

'तपाइँ ?'

'म ! म त कांग्रेस, बा कांग्रेस, हजुरबा कांग्रेस, म पनि कांग्रेस ।'

'कांग्रेस भनेको के ?'

'त्यो त थाहा छैन । कांग्रेस भनेको कांग्रेस, यति मात्र थाहा छ । पाँच वर्षमा चुनाव आउँछ । नेताहरु घर-घरमा आउँछन्, नमस्कार गर्छन् । चुनावका दिन हाम्रा पेटमा मासुभात जान्छ । मात लाग्ने झोल पनि जान्छ । हातमा केही थान नोट पर्छ । यही मज्जा छ !'

'तपाइँ ?'

'म ! एमाले । बा एमाले, हजुरबा एमाले, म पनि एमाले ।'

'एमाले के हो ?'

'एमाले ! एमाले हाम्रा बाको पार्टी हो । बा भासन गर्दा गज्जब हँसाउनुहुन्छ । एमाले हुन मज्जा छ । चुनाव आएपछि कांग्रेससँग भेट हुन्छ । खानपिन गर्न पाइन्छ । पैसा पनि पाइन्छ । अघिपछि पनि हाम्रो पार्टी रमाइलो छ ।'

'तपाइँ ?'

'म त एकताका कांग्रेस, पछि एमाले, त्यसपछि माओवादी । हिजोआज अलमलमा छु । यसैमा बसौँ कि कतै जाऊँ । प्रचण्डले कुम हल्लाएर भासन गरेको हेर्न मन पर्छ । रवि लामिछाने पनि मन पर्छ । बालन मन पर्छ । चुनावमा कसैले खान दिए खाने हो । पैसा दिए लिने हो । भोट हाल्दा चिनोलाई दिने हो । जुनसुकैमा परोस् । कसैले हाम्रो दु:ख लिने हैन । उनीहरुको सुख दिने हैन । आफ्नो समस्या आफैँसित ।'

'तपाइँ ?'

'म त अब राजावादी ! गण भनेको कांग्रेस गण र कम्निस्ट गण होला । कांग्रेस कम्निस्ट कुनै गणले मुलुक र जनताका गागि केही राम्रो गरेनन् । गाउँ-गाउँमा गण-गणका नयाँ राजा । प्रदेशमा राजा । केन्द्रमा राजा । जताततै राजा । राजैराजा । धमिरै धमिरा । रंगरंगका धमिरा । मुलुक गरिब, जनता गरिब । नेता धनी । यो व्यवस्थाले हामी जनताको अवस्था परिवर्तन गरेन । सन्तान सबै विदेशिए । जताततै विहारी र बंगाली भरिएका छन् । मुलुक आफ्नो हो कि अर्काको हो जस्तो भा छ । यसै भएर म त अब राजावादी ।'

'राजावाद भनेको के हो ?'

'मैले बुझेको राजावाद के हो भने, बनमाराजसरी जताततै उम्रेका राजा मासिएर मुलुकभरि एउटा मात्र राजा हुने वाद हो । एउटा मात्र राजा हुने वाद आयो भने यी अनगिन्ती धमिरा राजा मासिएलान् कि ! गुन्डागर्दी, भ्रष्टाचार, लुटपाट मासिएला कि ! यत्ति आशा हो । हुन त बुबा भन्नुहुन्थ्यो, राजा भएका मुलुकमा जनता होचा हुन्छन् ।

जो होचो उसका मुखमा घोचो हुन्छ । बुबा के पनि भन्नुहुन्थ्यो भने, राजा महेन्द्रले यो मुलुक छिमेकी मुलुकको गाँस बन्नुबाट जोगाएका थिए । पूर्व-पश्चिम रोड खुलाएका थिए । ठाउँ-ठाउँमा उद्योग, इलम खुलाएका थिए । राजा वीरेन्द्रले उनका बाबाले जत्तिकै गर्न नसकेपनि मुलुक बैरीका मुखमा पर्नबाट त जोगाएकै थिए । फेरि कांग्रेस सत्तामा आएपछि मुलुक ध्वस्त भयो । अहिले फेरि यो मुलुक जोगाउनुपर्ने अवस्था आइपरेको छ । राजाले जोगाउन सक्छन् कि ! मैले जानेको राजावाद यत्ति हो ।'

'तपाईंको आफ्नै अनुभव केही छैन ?'

'त्यो त छ नि ! धेरै छ । हाम्रा जेठा हजुरबा प्रधानपञ्च हुनुहुन्थ्यो रे ! कान्छा हजुर बा पञ्चायत विरोधी । हाम्रा हजुरबा माहिला । उहाँ बनपाले हुनुहुन्थ्यो रे ! हाम्रा हजुरबा पाले भएकै बनमा कान्छा हजुरबालाई पुलिसले गोली ठोकेर मारिदिएछ रे ! अन्यायी पञ्चको विरोध पञ्चायतको विरोध हुने, पञ्चायतको विरोध राजाको विरोध हुने ।

अनि ज्यान जहिले पनि छुराका धारमा । बा भन्नुहुन्छ- न्याय, अन्याय जहाँ जेसुकै होस्, वास्ता नगरेर एकलग गरिखाने जनतालाई कुनै लगडीझगडी थिएन । कुनै पार्टीमा लाग्नै पर्छ भन्ने पनि थिएन । वर्षको एकपटक पञ्च ज्यालीमा डाक्थे । गए पनि हुन्थ्यो, नगए पनि हुन्थ्यो । यो बहुदल आएपछि त कुनै न कुनै दलका नेताको चाकरी नगरी बाँच्नै नसक्ने अवस्था आयो । अड्डाअदालतमा पार्टीका मान्छेले भनिदिएपछि मात्र काम हुन्छ, नत्र हुँदैन । पार्टीका मान्छे पनि घुस नलिई काम गर्दैनन् । गाह्रो छ । अरुभन्दा पनि नेताहरुको यो गाँडे व्यवस्थामा नयाँ पुस्ताले घरजम गर्नै सकेन । बलिया पाखुराहरुले कामको खोजीमा भटाभट देश छोडे । गाउँबस्ती सुनसान । बूढाबूढी टामाटुमी । मर्दापर्दा साथ दिने कोही नहुने । शहरमा पनि नेपाली अनुहार पातलो । जता हेर्‍यो इन्डियन । उराठ लाग्ने ।'

'अब के गर्ने त ?'

'खै के गर्ने भन्ने ? पहिले त अब यो व्यवस्था बदल्नुपर्छ अनि अवस्था बदल्नुपर्छ । यही व्यवस्थाले नेपालको यो उराठ अवस्था बदलिँदैन । नेता जति सबै भ्रष्ट, विदेशका दलाल । नेपाललाई माया नगर्ने । विदेशलाई माया गर्ने । बा भन्नुहुन्छ- फटाहा त पञ्चायत कालमा पनि थिए । शोषण थियो । अन्याय अत्याचार थियो । नेताहरु विदेशका दलाल थिएनन् । यो देशमा केही हुँदैन भन्ने निराशा थिएन । बस्तीमा खेती थियो । शहरबजार छिरेपछि कतै न कतै काम पाइन्थ्यो । मुलुकभित्र जनता थिए । जनताका हातमा मुलुक थियो ।'

'तपाईंका छोराछोरी कहाँ छन् ?'

'सबै विदेश । सन्जोगले माहिलो छोरो फर्केर आएको थियो । उसले भन्थ्यो- 'यही चालाले मुलुक सुँदैन । नेताहरुको चरित्र देखियो । राजा पनि नदेखेको चरा हैन । राजा आए पनि जनताको अवस्था फेरिँदैन । अवस्था फेर्न त अहिले जे छ नि त्यो पूरै चपरी फर्किनुपर्छ । झारैझार भरिएको बारीका पाटामा कोदालीले चपरी फर्काएर कोदो रोपेजस्तै नयाँ व्यवस्था रोप्नुपर्छ । अहिलेका नेता-कार्यकर्ता र तिनका पिछलग्गु झारपातलाई चपरीमुनि पुर्‍याउनुपर्छ । त्यति गरेर नयाँ व्यवस्था ल्याउन सकियो भने अवस्था फेरिन्छ । नत्र यस्तै हो ।' यस्तै-यस्तै कुरा गर्थ्यो माहिलो । अब ऊ पनि विदेशै फर्क्यो ।'

'कति वर्ष हुनुभयो ?'

'६० वर्ष । पहिले-पहिले त यो उमेरमा नातिनातिना घरमा हुन्थे । अहिले ८४ वर्षका बा-आमा हुनुहुन्छ । हामीलाई हेरेर रुनुहुन्छ । अब त बाटोघाटो, चौतारो जताततै बाँदर भेटिन्छन् । पँधेरामा भालु भेटिन्छ ।

'बरु शहरका कुरा भन्नुस् न !' उहाँ मलाई सोध्नुहुन्छ, 'यो देश यसै गरी बाँच्न सक्छ ?'

'म प्रचण्डको भाषण सम्झन्छु । ओलीको भाषण सम्झन्छु । शेरबहादुरको अनुहार र तिनले हातमा लिएको रुमाल सम्झन्छु । शरीर मर्न लाग्दा पनि मर्न नसकेका तिनका महत्वाकांक्षाहरु सम्झन्छु । आफूतिर फर्केर हेर्न र अपराध सकार्न नजानेका तिनका निरस रसनावाराङ्गनाका नाङ्गा नाचहरु सम्झन्छु ।

स्वयं लज्जा नै लज्जित भएर सार्वजनिक रुपमा निरीहता व्यक्त गरिरहेको स्थिति अनुभूत हुन्छ । समकालीन बौद्धिकहरु, बुद्धिजीवीहरु र तिनका अलमल, अत्यास सम्झन्छु । प्राय: अराजनीतिक बौद्धिकता र मन्थरावाद प्रभावी रहेको प्रतिभासित हुन्छ । देशभक्तिका फाँटहरुमा पसेका बाढीपहिरोको विम्बले मन भरिन्छ । बोल्न त मन छ । यस्तो यस युगान्तापेक्षी आक्रान्त स्थितिमा कसैले एकाध बोली निरस्त्र बोलेर के हुन्छ ? आवश्यकता त अदम्य आँधीबेहरीको छ । कहिले त लाग्छ, हाम्रो समाज बूढो भएको छ, मुढो भएको छ । युवा जोश, जाँगर, कल्पना, सपना केही छैन । बाढीमा परेको मुढोजस्तै आत्मचेतना र आत्मगति शून्य । समयले जता पछार्छ त्यतै, डङ्ङ ।

भुक्तभोगी बूढापाकाहरु भन्छन्- नेपालको आजको राजनीतिमा राजतन्त्र पुनर्स्थापना गर्ने प्रयास प्रहसन भए पनि, दु:खान्त भए पनि यो यहाँका समकालीन सत्तासीन काङ्ग्रेस-कम्युनिस्ट भनिई आएका दलका नेता-उपनेताहरुको अनन्त स्वार्थलम्पटता प्रेरित सत्ता दुरुपयोगको स्वाभाविक परिणाम हो ।

घरमा हिंस्रक डाँकाहरु सशस्त्र प्रवेश गरेका अवस्थामा सम्पत्ति जोगाउन नसके पनि ज्यान जोगाउने हुटहुटीले तीन-चार तल्ले भवनका छतबाट तल सडकमा हाम फाल्नुजस्तै रणनीतिक चेतनाको बहादुरी हो आजको यो राजतन्त्र पुनर्स्थापनाको हुटहुटी । भाग्नु र हाम फाल्नेतिर लाग्नु पराक्रम होइन । हुती-गति बटुलेर डाँकाहरुसँग जुध्नु र विजय हात पार्नु नै आवश्यकताको माग हो । डाँकाहरुलाई लखेटेर घरको रक्षा गर्नु नै सच्चा बहादुरी हो ।

यसैबाट स्वाभिमान र स्वतन्त्रताको रक्षा हुन सक्छ । प्रगतिको नयाँ उपाय निस्कन सक्छ । अन्यथा अग्रगमनमुखी सम्भावनाका अरु-अरु ढोकाहरु पनि बन्द हुन सक्छन् । समाजलाई गतानुगतिक मन्थरावादी परम्पराबाट मुक्त गर्न र प्रगतिको अभिनव मार्गमा हुइँक्याउन आज जनतामा समसामयिक लक्ष्यबोध र अदम्य साहसको थप आवश्यकता छ । हैन र ?'

*(साभार: न्यूज अफ नेपाल)*

# राजा चहिएको कसलाई हो ?

सर्वेश शर्मा

आजकल देशमा 'राजा फिर्ता ल्याउने बहस'ले अलि मुखररूप लिएको छरु । सामाजिक सञ्जालमा सीमित यो विषय केही समय यता समसामयिक छलफलको एजेन्डा बनेको देखिन्छ । तत्कालीन राजाका समर्थकहरूले देशका सारा बेथितिको कारण नै राजा नहुनु हो र राजा ल्याउनुमात्र त्यसको अपरिहार्य विकल्प हो भन्ने एकसूत्रीय रटान लगाइरहेका छन् । केही दिनअघि एयरपोर्टमा ज्ञानेन्द्र शाहलाई स्वागत गर्न जम्मा भएको भिड देखेर हौसिएका पनि छन् ।

राजा फर्किने न कुनै सम्भावना देखिन्छ न त्यसको कुनै औचित्य नै छ । हो, देशमा व्याप्त विकृतिप्रति जनतामा असन्तुष्टि छ । यसैले कहिले नयाँ दल, कहिले नयाँ व्यक्ति जनताले विकल्पका रूपमा खोजेका हुनन् । त्यही मेसोमा कहिले राजा आए ठीक हुन्थ्यो कि भन्ने आशा पनि गरे भने स्वाभाविकै हो । यही असन्तुष्टिबाट फाइदा लिन केही दल र व्यक्तिले 'राजा ल्याउने' जनतालाई सपना देखाएका हुन् ।

नेपालीले अझै शाहवंशप्रति सद्भाव राख्छन् तर त्यसले राजा खोजेका हुन् भन्ने बुझाउँदैन । महेन्द्रको पञ्चायत देखेका भोगेका पुस्ता अहिले कमसेकम ८० माथि लागिसकेका छन् । तिनको संख्या सानो छ । त्यसपछि राजा देखेकाहरूले राजा भन्दा वीरेन्द्रको अनुहार सम्झिन्छन् । वीरेन्द्रकोरु हत्या हुँदा अभिभावकलेरु छोडेको सरह मानेर शोकमा डुबेका, श्रद्धाले कपाल काटेर मुडुलो भएका थिए । तर काकतालीमा राजा भएका ज्ञानेन्द्रले भने आफ्नै महत्त्वाकांक्षाले छँदाखाँदाको गद्दी जोगाउन सकेनन् ।

नेपाली राजसंस्था र वीरेन्द्रका शुभेच्छुकहरूको सदाशय ज्ञानेन्द्र र उनका उत्तराधिकारीप्रति सर्छ भन्ने छैन । सामान्य नागरिकबाहेक अहिले राजनीतिकरूपमा राजा चाहिन्छ भन्नेहरू राजसंस्था वा देशको मायाले हैन ती राजा आए आफू दरबारिया भारदार बन्न पाइन्छ भन्ने लोभले हो । विगतमा तत्कालीन राजपरिवार र संस्थाको नजिकको र हेर काम गरेका दरबारिया र तिनका सन्तानमा वर्तमान शासन व्यवस्थामा शक्ति विहीन भएको रोष छ । फेरि पुरानो हैकम फर्काउने महत्त्वाकांक्षा पनि छ ।

गणतन्त्र आएपछि हजारौं राजाभन्दा एउटै राजा ठीक भन्ने अहिले बनाइएको 'भाष्य' राजाको शासन हुँदा त्यसका सीमित तर शक्तिशाली आसेपासे भारदारको क्रन्दन हो । शक्ति गुमेको कुण्ठा हो । राजसंस्था बारे चर्को आवाज उठाउनेहरूले भन्नलाई संवैधानिक राजसंस्था भने पनि भित्रीरूपमा तिनलाई महेन्द्रीय पञ्चायती शासन फर्काउनु परेको छ जहाँ जननिर्वाचित हुनु पर्दैन, राजाको कृपा भए राज्यसत्तामा हालीमुहाली गर्न पाइन्छ । कसैलाई टीके प्रधानमन्त्री बन्नु छ कसैलाई भारदार ।

निरंकुश शासनका प्रणेता महेन्द्रलाई आदर्श मान्ने यस जमातले नेपालको राणाशासन अन्त्य गराउन भूमिका खेलेका उनका पिता त्रिभुवनलाई भारतपरस्त मान्छ । उनले संविधान सभामा जान दिएको सहमतिप्रति रोष प्रकट गर्छ भने वीरेन्द्र राजनीतिक दलहरुप्रति उदार बनेको र २०४८ को संविधानमार्फत सवैधानिक राजसंस्थामा मञ्जुरी दिएकोमा पनि असन्तुष्ट छ ।

वृद्धावस्थाका पूर्वराजा ज्ञानेन्द्र अझै सक्रीय जीवन बिताइरहेका छन् । बेला बेला भिडभाडमा पुग्छन्, मान्छे भेला गर्छन् पनि । कहिले शाही लवजमा आंशिकरूपमा मुख खोलेर घुमाएर आफूलाई फेरि राजा बन्न मन लागेको भावना पोख्छन् । राजावादीहरू एकाएक हौसिन्छन्-तिनीहरूलाई लाग्दो हो राजाले चुनावमा फ्याट्ट हामीलाई मत माग्देलान् कि ?

ज्ञानेन्द्र अझै सक्रिय बनुन्, अझ चुनावै लडुन् । नमिले कुनै दलका पक्षमा मुख खोल्दिउन् । लोकतन्त्रमा निषेधको राजनीति त झन् गर्नै हुँदैन । कल्पनामै भए पनि तर राजा ल्याउँछु भन्न पाउनुपर्छ - पाउन त कसैले लिच्छवि, किरात, राणा शासन पुन:स्थापना हुनुपर्छ भन्न पनि मजाले पाउनुपर्छ । यसले नेपालमा राजा चाहनेहरूको हैसियत पनि देखिन्छ । यो रोनाधोना पनि मत्थर हुन्छ । झट्ट हेर्दा राजसंस्थाको एजेन्डा लिएर हिँडेको दल राष्ट्रिय प्रजातन्त्र पार्टी (राप्रपा) देखिन्छ तर यसको जनतासँगको सम्पर्क कमजोर छरु । संसदमा राम्रै संख्या उपस्थित भए पनि ऊ प्रष्ट सुनिनेगरी राजसंस्था वा राजतन्त्र कुनै पनि एजेन्डा लिएर चुनावमा गएको थिएन । जे जति प्रत्यक्ष जितेको छ मूलत: नेकपा (एमाले)को बैशाखी टेकेर जितेर हो ।

मैले आजसम्म संवैधानिक राजसंस्था चाहिन्छ भन्ने कसैले २०४७-५९ कालखण्डको जस/अपजसमा थोरै भए पनि राजसंस्थाको भागीदारी छ भन्ने सुनेको छैन । उनीहरूले २०१७-२८ स्वर्णकाल, ४६ सम्म रामराज्य र तमाम बेथिति ४६ पछि आएको भन्नेमात्र सुनेको छु । विसं २०४६-२०५९ को राजासहितको प्रजातन्त्रका जसअपजस राजसंस्थाको हुने कि नहुने ? नेता र दलले सबै बिगारेको हो, अब देश जोगाउने राजसंस्थाको विकल्प नभएको निष्कर्ष आइसकेपछि 'छोड् तेरो दाइले अब देश चलाउँछ' भन्ने हो भने त पञ्चायती शैलीको सक्रिय राजतन्त्र चाहिने होला नि ! नत्र संवैधानिक राजसंस्था त देखिएकै हो । अब फरक के होला त ?

यो सबैभन्दा ठूलो भ्रम हो, भ्रममात्र हैन मूर्खता हो । बारम्बार जनताले निर्वाचित गरेको संसद् र सरकारसँग नमिलेर अपदस्थसम्म गर्न सक्ने राजसंस्थाले एउटा महत्त्वाकांक्षी प्रत्यक्ष निर्वाचित कार्यकारीलाई सहन सक्छ ? यो त सिधै दुई महत्त्वाकांक्षी व्यक्तित्वको टकरावको स्थिति हो जसले स्थायित्व होइन अस्थिरता ल्याउन सक्छ । विश्वमा राजसंस्था भएका मुलुकमा संसदीय व्यवस्था नै उपयुक्त देखिएको छ जुन नेपालमा राजाको पटकपटकको सनकमा गुम्यो । विसं २०१७ सालमा महेन्द्रले दुई वर्ष पनि नभएको प्रथम जननिर्वाचित सरकार अपदस्थ गर्दा दिएको तर्क सरकारले काम गर्न नसकेको, देशको सार्वभौमिकतामा खतरा उत्पन्न भएको भन्नेजस्ता थिए । त्यसको कुनै आधार छैन ।

लामो राणाशासनपछि जनक्रान्तिद्वारा प्रजातन्त्र आएको थियो । राजा त्रिभुवन पनि राणा शासनविरुद्ध जनताका साथमा उभिएका थिए । त्रिभुवनको मृत्युपछि महेन्द्रले केही वर्ष प्रत्यक्ष शासन गरेर संसद्को निर्वाचन गराए । संसदीय व्यवस्थाको अभ्यास सुरु भएको दुई वर्ष नपुग्दै निर्वाचित संसद् र सरकारलाई दुई वर्षमै पदच्युत गर्ने कारण महेन्द्रको प्रत्यक्ष शासन गर्ने नियत हो जसमा प्रजातान्त्रिक सरकार अवरोध बनिरहेको थियो । सायद राजाको नेतृत्वमा सरकार चलाएर बीपीलाई देखाइदिने सोचले काम गरेको थियो । करिब दश वर्षको समयमा उनले गरेको कामलाई श्रेय दिनुपर्छ तर देवत्वकरण गर्ने होइन । विसं २०१७ साल आसपास नेपाल सँगसँगै रहेका मुलुकले २०४६ सम्मको ३० वर्षमा कस्तो प्रगति गरे भनेर तुलनात्मक अध्ययन गरे प्रष्ट देखिने छ नै । आजभोलि राजावादीहरू महेन्द्रको देवत्वकरण गर्दै बीपीजस्ता प्रजातान्त्रिक नेतालाई 'राजावादी' भनिदिन्छन् तर तिनै बीपीलाई वर्षौं विनाअपराध र अभियोग थुन्ने महेन्द्रको नियतप्रति मौन रहन्छन् । रह्यो कुरा विदेशी हस्तक्षेप र भूमिकाको राजावादीहरूको तर्क सुनिन्छ -

विश्व र छिमेकको भूराजनीतिबाट नेपालको सार्वभौमिकता जोगाउन राजसंस्था चाहिन्छ । सुन्दा गजब सुनिन्छ, हो कि जस्तो पनि लाग्न सक्छ । तर इतिहासमा धेरै पछाडि जानुपर्दैन । विसं २०५९ मा बाबु महेन्द्रको सिको गरेर सत्ता आफ्नो हातमा लिएका ज्ञानेन्द्रले त्यही भूराजनीति, कूटनीतिक सम्बन्ध, समन्वय, सन्तुलन र समीकरणमा विफल भएर गद्दी गुमाएका न हुन् । आफ्नो गद्दी त जोगाउन नसक्नेले भविष्यमा त्यस्तै अवस्था आइपरेमा देशै जोगाउन सक्लान् भन्ने कसले पत्याउला ?

देशको अस्तित्व खतरामा छरु भन्ने दक्षिणपन्थी तानाशाहहरूले प्रयोग गर्ने पुरानै षड्यन्त्रको सिद्धान्त हो । आधुनिक विश्वमा देशै अर्काले निल्ने भन्ने सम्भावना छैन र निल्नै आए सबै किसिमका सैन्य सहयोगमा भारत, चीन, अमेरिकामा आश्रित हाम्रोजस्तो मुलुकले तिनीहरूसँग टिक्न हाम्रो हुतिले भ्याउँदैन । भारतजस्तो शक्तिशाली मुलुकको भूपरिवेष्ठित छिमेकि भएपछि उसको प्रभाव नै नरहने भन्ने सम्भव छैन, न विगतमा थियो न भविष्यमा हुन्छ । भारतले राजा फालेको मान्ने हो भने कदाचित पुनर्स्थापना भइहाल्यो भने भारतकै सदाशय नभई सम्भवरु हुँदैन । अनि त्यति बेला भारतले हैकम नमान्ने सम्भव होला र ?

यथार्थमा यो व्यवस्था नभएर नेता र दल निकम्मा भएका हुन् । यही व्यवस्थाभित्रै परिवर्तन सम्भव छ । साथै दल र नेताहरू पनि यही समाजका उत्पादन र तिनले हाम्रै विवेक र चेतनाको प्रतिनिधित्व गर्ने भएकाले पूरै दोष तिनलाई मात्र थोपरेर हामी चोखिन मिल्ने अवस्था पनि छैन । यद्यपि, जनताको निराशा कम गर्न राजनीतिक दलका नेताले मुख्य भूमिका खेल्नुपर्नेमा भने विमति हुनसक्तैन ।

बहुदलीय व्यवस्थाविरुद्ध निर्दलीयताका समर्थकले दलीय व्यवस्था र दलमा आस्था राख्नेहरूलाई खुइल्याउने, स्वतन्त्रका नाममा अराजनीतिक र अराजकतालाईरु बढावा दिनेरु प्रवृत्ति बढ्दो छ । ठीक छ, दलहरु खराब भए त्यसको विकल्पमा नयाँ दल आउन् कि भएका दलका नेता सुधारिउन् तर आजकल नयाँ भनिएका दल र तिनका समर्थक पुराना दलका विरोधका नाममा जानीनजानी निर्दलीय व्यवस्थाका समर्थकका भुलभुलैयामा परिरहेका छन् । यो चिन्ताजनक हो ।

तमाम बेथिति छन् । गएको दशकमा देशमा हुनुपर्ने र हुनसक्ने कैयन् काम नेतृत्वको अक्षमताले हुनसकेनन् । तर यी कुनै पनि कारणले देशमा राजा फर्काउनुको औचित्य पुष्टि गर्दैनन् । बरु काम गर्न सक्ने नेतृत्व आवश्यक भएको आधार पेस गर्छन् । गणतन्त्र आएपछि देशमा देखिएका भनेर अघि सारिने १०१ समस्यामध्ये कुनै एकको पनि समाधान राजा हैन 'सुशासन' र 'सुयोग्य' नेता हुन् ।

देशमा जुनसुकै व्यवस्था र शासक भए पनि रातारात चमत्कार हुने छैन । अनि त्यतिबेला नयाँ ग्रहबाट मान्छे ल्याएर देश बनाउने पनि हैन । हो हामी असन्तुष्ट छौँ । बाँकी विश्वको तुलनामा विकास सूचकांक धेरै कोणबाट तन्नम छौँ । तर के बिर्सनु हुँदैन भने हामी इतिहासदेखि नै राष्ट्रको रूपमा कहिल्यै गतिलो अवस्थामा थिएनौ । आत्मतुष्टिका लागि बितेर गएका दिनलाई गौरवशाली मानेर देश त पहिल्यै स्वर्ग थियो भन्ने गफले क्षणिक सन्तुष्टि त देला तर तथ्य र तथ्याङ्कले पुष्टि गर्दैनन् ।

राजा चाहिनेहरूका केही तर्क छन् -

'देश राजाले बनाएका हुन्" । हैन, हाम्रा पुर्खाले बनाएका हुन्, यसैले हाम्रो अझ बढी हक छ। कुनै तर्कले काम नगरेपछि भावनामा बगेर तिनले भन्छन् -"शाह राजवंश सबैभन्दा राष्ट्रप्रेमी हुन् र देश जोगाउने तिनलेमात्र हो"


-हैन, हरेक नेपाली उत्तिकै राष्ट्रप्रेमी छन् , हामी पनि देशलाई उत्तिकै माया गर्छौं अझ बरु नि:स्वार्थ । तिनीहरुले प्रदर्शन गर्ने 'राष्ट्रप्रेम' त राजनीति हो, लोकरिझ्याइँ हो ।

हामीले सकेनौ, नेताले सकेनन्, सबै बर्वाद भयो रे ! अब कुनै एक व्यक्तिले सबै सपार्ने हो र ?

यो आफूमाथिको चरम अविश्वास हो । आफू केही नगर्ने भए सबै भगवानलाई छोडे पनि भइगो त ! "पशुपतिले हामी सबैको रक्षा गरुन्" भन्न पनि राजा नै चाहिने हो र ?

*(साभार: बाह्रखरी)*

# यसपालि मात्र होइन, हरेक वर्ष भइरहेछ १२ घण्टासम्म लोडसेडिङ



हरेक वर्ष भइरहेको छ
उद्योगमा १२ घण्टा सम्म लोडसेडिङ

| साल | न्यूनतम | अधिकतम |
|---|---|---|
| २०७५/७६ | ३ घण्टा | ६ घण्टा |
| २०७६/७७ | ३ घण्टा | ६ घण्टा |
| २०७७/७८ | ३ घण्टा | ६ घण्टा |
| २०७८/७९ | ३ घण्टा | ८ घण्टा |
| २०७९/८० | ४ घण्टा | ८ घण्टा |
| २०८०/८१ | ४ घण्टा | १२ घण्टा |
| २०८१/८२ | ३ घण्टा | १२ घण्टा |

काठमाडौं/३१ वैशाख २०७५ मा नेपाल विद्युत् प्राधिकरणले एउटा सूचना जारी गर्‍यो, 'औद्योगिक ग्राहकको लोडसेडिङ अन्त्य गरिएको सूचना' । 'नेपाल विद्युत् प्राधिकरणले बेलुकीको उच्च मागको समयमा औद्योगिक ग्राहकलाई ३ घण्टासम्म लोडसेडिङ गरी अन्य ग्राहकलाई नियमित विद्युत् आपूर्ति गर्दै आएकोमा २०७५ साल वैशाख ३१ गतेदेखि औद्योगिक ग्राहकको समेत लोडसेडिङ अन्त्य गरिएको व्यहोरा सम्बन्धित सबैमा जानकारी गराउँदछौं,' उक्त सूचनामा उल्लेख थियो ।

घरायसी क्षेत्रमा २०७३ सालमा नै लोडसेडिङ अन्त्यको घोषणा भएकोमा औद्योगिक क्षेत्रमा पनि विद्युत् नकाटिने भएपछि त्यो दिनलाई नेपालबाट लोडसेडिङ पूर्णरूपमा अन्त्य भएको दिनका रूपमा सम्झिने गरिन्छ । तर, त्यसको सात वर्षसम्म हरेक वर्ष हिउँदमा औद्योगिक क्षेत्रमा लोडसेडिङ भइरहेको छ । अझ गत वर्ष र यो साल त भारतले रातिको समयमा पूर्णरूपमा विद्युत् निर्यात बन्द गरेकाले दैनिक १२ घण्टा लोडसेडिङ भइरहेको छ ।

यस अवधिमा बर्खाका केही महिना बाहेक बाँकी महिना दैनिक ४ देखि १२ घण्टासम्म उद्योगहरूमा लोडसेडिङ हुने गरेको संचारकर्मीले देशका विभिन्न औद्योगिक करिडोर तथा क्षेत्रमा गरेको सर्वेक्षण अनुसार औद्योगिक ग्राहकको विगत सात वर्षको अवधिमा सुक्खा याममा दैनिक ४ देखि १२ घण्टासम्म लोडसेडिङ हुने गरेको देखिएको हो । 'विद्युत् प्राधिकरणले मात्रै होइन, राजनीतिक दलका नेताहरूले पनि मुलुकमा लोडसेडिङ अन्त्य भएको भाषण गर्ने गरेका छन्, तर यो वास्तवमा राजनीतिक खपतको कुरामात्र भएको छ,' विद्युत् प्राधिकरणका एक अधिकारी भन्छन् ।

२०७५ सालमा नेपालमा कुल विद्युत् जडित क्षमता १ हजार ७४ मेगावाट मात्रै थियो । भारतबाट पनि सीमित मात्रामा विद्युत् आयात भइरहेको थियो । अहिले नेपालमा विद्युत् जडित क्षमता त्यसको तीन गुणाभन्दा धेरै ३ हजार ३ सय मेगावाट पुगेको छ । भारतबाट पनि ७ सय मेगावाटसम्म आयात गर्न पाउने व्यवस्था छ । तर, भारतले रातिको समयमा नेपाललाई विद्युत् निर्यात बन्द गर्ने बित्तिकै १५ मार्चदेखि उद्योगहरूमा १२ घण्टा लोडसेडिङ सुरु भइहाल्यो ।

त्यसअघि पनि हिउँदमा ८ देखि १२ घण्टा लोडसेडिङ भइरहेको थियो । तर, प्राधिकरण र त्यसका कार्यकारी निर्देशक कुलमान घिसिङ भने उद्योगहरूमा २४ घण्टाको आधा समय लाइन काट्दा पनि त्यसलाई लोडसेडिङ मान्न तयार छैनन् । अंग्रेजी शब्दकोषहरूमा विद्युत् मागको तुलनामा आपूर्ति कम हुँदा सम्पूर्ण ऊर्जा आपूर्ति प्रणाली फेल हुनबाट बचाउन योजनाबद्ध रूपमा आपूर्ति बन्द गर्नुलाई 'लोडसेडिङ' भनेर परिभाषित गरिएको छ ।

अहिले नेपालको आन्तरिक उत्पादन र आयात गर्दा पनि साढे ३ सयदेखि ४ सय मेगावाट विद्युत् अपुग छ । त्यसो हुँदा विद्युत् प्राधिकरणले उद्योगहरूमा आपूर्ति बन्द गरी घरायसी ग्राहकलाई आपूर्ति गरिरहेको छ । तर, प्राधिकरण कार्यकारी निर्देशक घिसिङ भने नेपालमा लोडसेडिङ नभएको र हुँदा पनि नहुने बताउँछन् ।

'भारतबाट हुने आपूर्तिमा निर्भर हुने कतिपय सीमावर्ती क्षेत्रमा घरायसी ग्राहककहाँ पनि विद्युत् आपूर्ति काटिने गरेको छ । उद्योगहरूमा त दैनिक ६ देखि १२ घण्टासम्म विद्युत् आपूर्ति बन्द गर्ने गरिएको छ । तर, न प्राधिकरणले उद्योगहरूलाई यति समय लोडसेडिङ हुन्छ भनेर सूचित गर्छ, न त पत्रिकाहरूमा सूचना नै जारी गरेको छ ।' उद्योग संगठन मोरङका पूर्वअध्यक्ष सुयेश प्याकुरेल भन्छन्, 'विद्युत् प्राधिकरणले लोडसेडिङको परिभाषा नै आफूखुसी बदलेर जनतालाई भ्रमित पार्ने काम गरेको छ ।' अहिले मोरङ सुनसरी करिडोरमा साँझ ६ देखि मध्यरात १२ बजेसम्म दैनिक विद्युत् कटौती भइरहेको र बाँकी समय पनि दर्जन पटकसम्म ट्रिपिङ (अचानक विद्युत् जाने र आउने) हुने गरेको उनी बताउँछन् । 'ट्रिपिङ हुँदा कति समय विद्युत् आपूर्ति बन्द हुन्छ थाहा हुँदैन, कहिलेकाहीँ १० मिनेटमा पनि आउँछ कहिलेकाहीँ घण्टौं आउँदैन,' उनले भने ।

विद्युत् प्राधिकरणले २०७५ सालमै सूचना प्रकाशित गर्दा 'मौजुदा प्रसारण तथा वितरण संरचनाको क्षमता र अवस्था, उत्पादन केन्द्र तथा प्रसारण र वितरण प्रणालीमा आउन सक्ने प्राविधिक समस्या, मर्मत सम्भार एवं विकास निर्माणको कारणले समय-समयमा विद्युत् आपूर्ति अवरूद्ध हुन गए त्यसलाई लोडसेडिङको रूपमा नलिइदिनुहुन अनुरोध छ,' भन्ने उल्लेख गरेको थियो । अघोषित दैनिक १२ घण्टासम्म विद्युत् काट्दा पनि प्राधिकरणले त्यसलाई प्राविधिक समस्या भनेर टार्ने गरेको छ ।

औद्योगिक क्षेत्रका ग्राहकको माग अनदेखा गरेर प्राधिकरणले घरायसी ग्राहककहाँ विद्युत् आपूर्ति निरन्तर गरिरहेको प्राधिकरणका प्रवक्ता चन्दन घोष बताउँछन् । 'अहिले मुलुकमा लोडसेडिङ छैन, घरायसी ग्राहकलाई हामीले विद्युत् दिइरहेका छौं,' उनले भने । विद्युत् अपुग भएकाले केही उद्योगमा विद्युत् कटौती गरेको उनले बताए । 'यो वर्ष मात्रै होइन, अर्को वर्ष पनि हिउँदमा विद्युत् अपुग हुन्छ,' उनले भने । प्राधिकरणले पुगेसम्म सबै ग्राहकलाई विद्युत् दिएको र अपुग हुँदा औद्योगिक ग्राहककोमा कटौती गरेको उनले बताए ।

### प्राधिकरणले लुकायो तथ्यांक

विद्युत् प्राधिकरणले आफ्नो वेबसाइटमा देशमा विद्युत् माग कति छ, कति आपूर्ति भइरहेको छ र कति अपुग छ भन्ने तथ्यांक राख्ने गरेको थियो । तर, केही सातादेखि त्यो तथ्यांक उसले लुकाएको छ । 'लोडसेडिङ भनेकै विद्युत् माग र आपूर्तिबीचको अन्तर हो । उदाहरणका लागि २ हजार मेगावाट माग छ, १६ सय मेगावाट मात्रै आपूर्ति छ भने अपुग ४ सय मेवागाट विद्युत् अवरुद्ध हुन्छ । अर्थात्, त्यो बराबर विद्युत प्रयोग गर्ने ग्राहककहाँ प्राधिकरणले लाइन काटिदिन्छ, त्यही नै लोडसेडिङ हो,' प्राधिकरणकै स्रोत भन्छ ।

तर, त्यो तथ्यांक सार्वजनिक गर्दा लोडसेडिङ भइरहेको कुरा जनताले थाहा पाउँछन् भनेर लुकाइएको स्रोतले बतायो । तथ्यांक लुकाएको विषयमा प्रवक्ता घोषलाई सोध्दा त्यसबारे भोलि मात्रै उत्तर दिने बताए ।

### विराटनगरमा दैनिक १२ घण्टासम्म लोडसेडिङ

भारतले दिउँसो मात्रै विद्युत् दिन थालेपछि पूर्व क्षेत्रको औद्योगिक ग्रिडमा १२ घण्टासम्म अघोषित लोडसेडिङ भइरहेको छ । जसले गर्दा उत्पादन ७० प्रतिशतसम्म कटौती भएको निजी क्षेत्रको दाबी छ । 'विद्युत्ले धेरै ठूलो समस्या बनायो, उद्योग चल्न गाह्रो अवस्था छ,' उद्योग संगठन मोरङका अध्यक्ष राकेश सुरानाले भने, 'कुलमान घिसिङ मन्त्रालयलाई दोष लगाउँदैछन्, मन्त्रीले कुलमानलाई दोष लगाउँदैछन्,उहाँहरूको जुँगाको लडाइँमा निजी क्षेत्रलाई अप्ठेरो पर्‍यो ।' अघोषित लोडसेडिङ हुँदा उत्पादन लागत बढेको नेपाल उद्योग वाणिज्य महासंघ कोशी प्रदेश अध्यक्ष राजेन्द्र राउतले बताए ।

अघोषित लोडसेडिङका कारण उद्योगको उत्पादन ३० देखि ४० प्रतिशतमा खुम्चिएको मोरङ उद्योग व्यापार संघ अध्यक्ष अनुपम राठी बताउँछन् । विद्युत् दिने भनिएको समयमा पनि बारम्बार कटौती भइरहेको उनले बताए । जसका कारण उत्पादन लागत बढेको उनको भनाइ छ । 'सिमेन्ट, स्टिल, प्लास्टिक उद्योगलाई १२ घण्टाले पुग्दैन, मेसिन तताउन समय लाग्छ, यी उद्योग ८ घण्टा पनि चल्न सकिरहेका छैनन्,' उनले भने ।

विद्युत् कटौती हुँदा सिमेन्ट, स्टिल, प्लास्टिक, धागो, साबुन, बिस्कुट, चाउचाउ लगायत उद्योगले उत्पादन ७० प्रतिशतसम्म घटाएको निजी क्षेत्रको दाबी छ । भारतले ३ चैतदेखि सोलार आवरमा मात्रै मात्र नेपाललाई विद्युत् दिएपछि १२ घण्टासम्म विद्युत् कटौती भइरहेको छ ।

### भैरहवा-बुटवल क्षेत्रमा १० घण्टा लोडसेडिङ

बुटवल-भैरहवा क्षेत्रमा गत वर्षसमेत माघदेखि बिहान ४ घण्टा र साँझको समयका ४ घण्टा गरी दैनिक ८ घण्टा अघोषित लोडसेडिङ गरिएको थियो । यो लोडसेडिङको आधिकारीक समय तालिका माग गर्दै यस क्षेत्रका उद्योगीले विद्युत् प्राधिकरण क्षेत्रीय कार्यालय बुटवलमा समेत माग गरेका थिए । तर, प्राधिकरणले 'माथिको आदेश हो' भन्ने मौखिक जानकारी गराउँदै लोडसेडिङलाई दैनिक १० घण्टासम्म पुर्‍याएको थियो । व्यक्तिगत रूपमा लोडसेडिङ विवरण माग गर्दा नपाएपछि उद्योगी-व्यवसायीको छाता संगठन मार्फत लोडसेडिङ तालिका माग गर्दा समेत प्राधिकरणले विवरण दिएन ।

यो वर्ष पनि प्राधिकरणले दैनिक १० घण्टा लोडसेडिङ गरिरहेको पञ्चकन्या ग्रुपका महाप्रबन्धक देवेन्द्र साहुले बताए । विद्युत् आपूर्ति समयको यकिन तालिका नपाउँदा उद्योग सञ्चालन गर्ने समय नै कटौती गर्नुपरेको थियो । उपरोक्त बाहेक दैनिक हुने विद्युत् ट्रिपिङका कारण समेत उत्पादन प्रक्रियामा रहेका अर्धप्रशोधित उत्पादन काम नलाग्ने हुँदा दैनिक लाखौंको नोक्सानी बेहोर्नु परेको छ । लोडसेडिङमुक्त भनिएको समयमा पञ्चकन्या स्टिलले बिलेटबाट छड उत्पादन गर्दा निरन्तर उत्पादन प्रक्रियामा ट्रिपिङका कारण परेको असरको लगत राखेको थियो ।

वैशाख २०७५ देखि भदौ २०७८ सम्मको विवरणमा (कुल ५ सय उत्पादन दिनमा) १ हजार ३ सय पटकभन्दा बढी विद्युत् ट्रिपिङ भई करिब ४ करोड बराबरको कच्चापदार्थ नोक्सान भएको तथ्यांक सुरक्षित रहेको जानकारी पञ्चकन्याले गराएको छ ।

### हेटौंडा औद्योगिक क्षेत्रमा दैनिक ३ घण्टा अघोषित लोडसेडिङ

हेटौंडा औद्योगिक क्षेत्रमा दैनिक सरदर २ देखि ३ घण्टासम्म विद्युत् आपूर्ति बन्द हुने गरेको छ । विद्युत् आपूर्ति बन्द हुनुलाई विद्युत् प्राधिकरणले हरेक दिन प्राविधिक समस्याका रूपमा देखाउने गरेको उद्योगीहरू बताउँछन् । दैनिक ३ घण्टा लाइन काट्ने गरिएकोमा हेटौंडा आद्योगिक क्षेत्रले 'माथिबाटै काटिएको' भन्ने जवाफ दिने गरेको उद्योग संघ मकवानपुर अध्यक्ष बद्रीनाथ शर्माले बताए ।

'हरेक दिन यति घण्टा विद्युत् जान्छ भनेर यकिन तथ्यांक छैन,' शर्माले संचारकर्मीसँग भने, 'घोषित लोडसेडिङ त छैन, तर मर्मत भनेर सधैं लाइन काट्ने काम भएको छ ।' उद्योग संघ मकवानपुरका निवर्तमान अध्यक्ष स्वागतराज प्याकुरेलले औद्योगिक क्षेत्रको लोडका कारण विद्युतमा समस्या भने नभएको बताए । ६ वर्ष अघिसम्म दैनिक १० देखि १२ घण्टा विद्युत् आपूर्ति बन्द हुने गरेको प्याकुरेल बताउँछन् । 'विगतजस्तो अवस्था त छैन । तर, दैनिक २-३ घण्टासम्म विद्युत् बन्द हुँदा पनि यहाँका १ सय बढी उद्योगको दैनिक घाटा ५ करोड हुन आउँछ । त्यता राज्यको ध्यान पुग्न सकेको छैन,' उनले भने ।

जेठ २०८० मा ७० घण्टा, असार ९२, साउन १० दिनमा साढे २० घण्टा विद्युत् बन्द भएको प्याकुरेलको उद्योगको रेकर्डमा छ । तत्कालीन ऊर्जा राज्यमन्त्री दीपकबहादुर सिंहलाई औद्योगिक क्षेत्रमै बोलाएर अवस्थाबारे जानकारी गराएपछि समस्या हल भएको प्याकुरेलले बताए । विगतका वर्षमा जस्तो यस वर्ष विद्युत्बाट धेरै दुःख बेहोर्नु नपरेको उनी बताउँछन् ।

हेटौंडा औद्योगिक क्षेत्रमा तीन वटा फिडर छ । कमाने फिडर-१ र २ तथा चौकीटोल फिडरबाट उद्योगमा विद्युत् पठाइएको छ । ६१ वर्षअघि निर्माण गरिएको औद्योगिक क्षेत्रमा १ सय ४३ उद्योग छन् । जसमध्ये १ सय १५ सञ्चालनमा छन् ।

### लोडसेडिङ हटाउन भारतको भर

शुक्रबारसम्म पिकआवरको ४ घण्टाबाहेक दैनिक २० घण्टाका दरले भारतबाट विद्युत् आयात भइरहेको थियो । तर, भारतको केन्द्रीय विद्युत् प्राधिकरणले गत १९ नोभेम्बरमा नेपाललाई विद्युत् निर्यातको अनुमति दिँदा नै १५ मार्चदेखि सन आवर (बिहान ६ बजेदेखि ६ बजेसम्म) मात्रै बिजुली दिने गरी अनुमति दिएकोमा त्यो व्यवस्था कार्यान्वयनमा आएपछि नेपालमा बिजुली अपुग भइरहेको छ । त्यसका कारण घरायसी ग्राहककहाँ लोडसेडिङ नभए पनि उद्योगमा भने रातभरि लोडसेडिङ गर्ने गरेको छ ।

भारतबाट २० घण्टा विद्युत् आयात भइरहँदा पनि उद्योगहरूमा ८ घण्टासम्म लोडसेडिङ थियो । त्यसो हुँदा १२ घण्टा विद्युत् आयात बन्द हुँदा त्यसको ठूलो प्रभाव परेको देखिन्छ । विगतमा नेपालले भारतबाट चौबिसै घण्टा विद्युत् आयात गर्न पाउने गरी सम्झौता भएकोमा गत वर्ष २९ मार्च (१६ चैत) मा भारतले चुनाव आइरहेको भन्दै तीन महिनाका लागि मात्रै विद्युत् निर्यात सम्बन्धी सम्झौता नवीकरण गरेको थियो ।

दिनको समय (सन आवर) मा मात्रै विद्युत् निर्यात गर्ने गरी गरिएको सम्झौताको नवीकरणको म्याद जुन महिना अन्त्यमा सकिएको थियो । त्यसपछि भारतले १९ नोभेम्बरमा यो सम्झौता नवीकरण गरेको थियो । त्यसबेला उसले सम्झौता नवीकरण गर्दा १५ मार्चसम्म दैनिक २० घण्टा नेपालमा विद्युत् निर्यात गर्न दिने तथा त्यसपछि ३० जुनसम्म सन आवरमा मात्रै विद्युत् दिने व्यवस्था गरेको थियो । त्यही अनुसार विद्युत् प्राधिकरणले १ डिसेम्बर (१६ मंसिर) देखि भारतबाट विद्युत् आयात गरिरहेको छ ।

गत मार्चमा सम्झौता नवीकरण हुँदा अधिकतम् ५ सय ५४ मेगावाट मात्रै विद्युत् नेपालले आयात गर्न पाउने व्यवस्था गरिएको थियो । त्यसअघि भने नेपालले चौबिसै घण्टा आवश्यकता अनुसार विद्युत् आयात गर्न पाएको थियो । नेपालले अधिकतम १ हजार ४ सय मेगावाटसम्म विद्युत् भारतबाट आयात गर्ने अनुमति पाएको छ । अहिले दिनको समयमा ८ सय ३० देखि ८ सय ४० मेगावाट विद्युत् आयात भइरहेको प्राधिकरण स्रोत बताउँछ ।

नेपालले भारतको खुला बजार इन्डियन इनर्जी एक्स्चेन्ज लिमिटेड (आईएक्स) बाट विद्युत् आयात गर्ने गरेको छ । उक्त बजारमा एक दिनअघि (डे-अहेड) र सोही दिन (रियल टाइम) मा कायम रहेको दरमा नेपालले विद्युत् आयात गर्ने गरेको छ । यसरी भारतीय खुला बजारबाट विद्युत् आयात गर्न नेपालले २०७८ मा अनुमति पाएको थियो । पाँच वर्षको यो अनुमति हरेक वर्ष नवीकरण गर्नुपर्ने सर्त छ ।

नेपालले भारतीय एक्स्चेन्ज बजारका अतिरिक्त बिहार र उत्तर प्रदेश सरकारसँग छुट्टै सम्झौता गरेर पनि विद्युत् आयात गर्छ । एक्स्चेन्ज बजारमा आयात हुने विद्युत् दर हरेक दिन परिवर्तन हुन्छ । तर, छुट्टै सम्झौता मार्फत १३२ केभी, ३३ केभी र ११ केभी प्रसारण लाइन मार्फत आयात हुने विद्युत् दर भने हरेक वर्ष वार्तामार्फत परिमार्जन हुने गरेको छ । खुला बजारमा भने प्रतियुनिट अधिकतम १२ भारुसम्म रकम तिरेर विद्युत् आयात गर्नुपर्ने हुन्छ । भारतले महाकाली सन्धि अन्तर्गत टनकपुर बाट बिजुली ल्याउन पाउने सम्झौता छ । त्यहाँबाट १५ मेगावाट विद्युत् आयात गर्न सक्ने भए पनि तीन वर्षदेखि भारतले त्यस बाटोबाट आपूर्ति बन्द गरेको छ ।

*(स्रोत: अनलाइनखबर)*

# उद्योगमा तत्काल विद्युत् नियमित गर्न परिसंघको अपिल

काठमाडौं/अर्थतन्त्रको मेरुदण्डका रूपमा रहेका उद्योगमा लोडसेडिङ गरिएको भन्दै नेपाल उद्योग परिसंघले गम्भीर ध्यानाकर्षण भएको जनाएको छ । केही समय अगाडि पनि नेपालका उद्योगमा लोडसेडिङ गर्दै नेपाल विद्युत् प्राधिकरणले विद्युत् निर्यात गरेको आरोप समेत परिसंघले लगाएको छ ।

उद्योगहरूमा विद्युत् उपलब्ध नगराइँदा उत्पादन लागत बढ्नुका साथै उत्पादनमा गम्भीर असर परेको परिसंघले जनाएको छ ।

'उद्योगहरूमा अहिले पुन: दैनिक १२ घण्टासम्म लोडसेडिङ गराएर प्रताडित पार्ने काम प्राधिकरणबाट भएको छ, यस्तो कार्यले मुलुकमा लगानीको वातावरणमा गम्भीर असर पार्नुका साथै नयाँ उद्योग स्थापना गर्न र उद्योग विस्तार गर्न गम्भीर भएर सोच्नुपर्ने गरी सशंकित बनाइएको छ,' परिसंघले भनेको छ ।

सरकारले स्वदेशी उद्योग प्रवर्द्धन गर्ने, निजी क्षेत्रको मनोबल बढाउन कानुनमा सुधार गर्दै लगानीको वातावरण बनाउन प्रयासरत भइरहेको अवस्थामा सरकारी निकाय नै रहेको विद्युत् प्राधिकरणले स्वदेशी उद्योगमा गरेको लोडसेडिङले उद्योगलाई मर्माहत बनाएको परिसंघको भनाइ छ ।

मुलुकमा विद्युत् बचत हुँदा पनि उद्योगलाई पर्याप्त उपलब्ध नगराइ निर्यात गरेको प्राधिकरणले अहिले फेरि उद्योगहरूमा लोडसेडिङ गराएर देशमा उद्योग नगर्न प्रेरित गरेको त होइन भन्ने प्रश्न परिसंघले गरेको छ ।

विद्युत् कुनै पनि उद्योगका लागि कच्चापदार्थ रहेको र यसको अभावमा उत्पादन गर्न सम्भव नहुने भन्दै परिसंघले उद्योगलाई नियमित विद्युत् आपूर्ति हुने व्यवस्था तत्काल गर्न सरकार र सम्बन्धित पक्षसँग अपिल गरेको छ ।

# सलमानको 'सिकन्दर'ले नेपाली फिल्मलाई असर गर्ला ?




काठमाडौं/बलिउडका 'दबंग स्टार' सलमान खानको शीर्ष भूमिका रहेको एक्सनप्रधान फिल्म 'सिकन्दर'लाई भारतमा मात्र नभइ नेपालमा पनि महत्त्वका साथ हेरिएको छ । दुवै देशमा आक्रामक व्यापार गर्ने प्रक्षेपण गरिएको यो फिल्म यही चैत १७ गते आइतबार अर्थात् ३० मार्चबाट प्रदर्शनमा आउँदैछ । निर्माताले सोमबार परेको इदको अवसर पारेर फिल्मलाई आइतबार बाट प्रदर्शन गर्न लागेका हुन् ।

नेपालमा सलमानको ठूलो फ्यान फलोइङ रहेकाले 'सिकन्दर'ले नेपाली फिल्मलाई कस्तो असर गर्छ भन्ने चासो धेरैमा देखिएको छ । चैत अन्तिमसम्म केही आशातित नेपाली फिल्म रिलिज हुन लागेकाले 'सिकन्दर'को व्यापार अर्थपूर्ण रहनेछ । यो फिलमको 'वर्ड अफ माउथ' राम्रो रह्यो र हलमा दर्शक ओइरिए भने प्रदर्शन भइरहेका र हुन बाँकी नेपाली फिल्मलाई ठूलो टाउको दुखाइ बन्नेछ ।

'सिकन्दर'का कारण चैत १५ गते प्रदर्शनमा आउन लागेको फिल्म 'डोरी' सबैभन्दा जोखिमपूर्ण अवस्थामा छ । यो फिल्म रिलिजको तेसो दिन 'सिकन्दर' आउनेछ । त्यो हुँदा 'डोरी'को धेरै शो गुम्न सक्छ । यद्यपि, 'सिकन्दर' आइतबार आउनु फिल्मका लागि ठूलो राहत हो । दुई दिन भए पनि फिल्मलाई कमाउने अवसर छ । आइतबार बाट त्यसै पनि 'वर्ड अफ माउथ'मा व्यापार निर्भर रहन्छ ।

'सिकन्दर'को 'थ्रेट' फिल्म 'वसन्त'लाई पनि छ । गायक तथा अभिनेता प्रकाश सपूतको डेब्यु निर्देशनमा तयार भएको यो फिल्म चैत २२ गतेबाट गतेबाट प्रदर्शनमा आउँदैछ । अर्थात् 'सिकन्दर' रिलिज भएको पाँच दिनपछि । यो फिल्मको व्यापार आक्रामक भएको खण्डमा 'वसन्त'लाई समस्या पर्न सक्छ । यो डर चैत २९ गतेदेखि प्रदर्शन हुन लागेका दुई फिल्म 'पिताम्बर' र 'कर्मा'लाई पनि छ ।

तर, पछिल्लो समय हिन्दी फिल्ममाथि नेपाली फिल्म हाबी भइरहेका छन् । गत वर्ष सलमानकै फिल्म 'टाइगर ३'लाई नेपाली फिल्म 'दिमाग खराब'ले बक्स अफिस प्रतिस्पर्धामा हराएको थियो । यसपालिको तिहारमा आएका दुई हिन्दी फिल्म 'सिंघम अगेन' र 'भूल भूलैयाँ ३'माथि पनि नेपाली फिल्म 'पूर्णबहादुरको सारङ्गी' हाबी देखियो । अब 'सिकन्दर' के हुन्छ ? त्यो चासोको विषय बनेको छ ।

# 'आचार्य'बाट फिल्ममा फर्किंदै निखिल



काठमाडौं/'एक्सन स्टार'को रुपमा परिचित निखिल उप्रेती ६ वर्षपछि फिल्म अभिनयमा फर्किने भएका छन् । पछिल्लो पटक 'भिलेन' (२०१९) मा देखिएका उनले फिल्म 'आचार्य'बाट कमब्याक गर्न लागेका हुन् । यसको निर्देशन उनी आफैंले गर्नेछन् । गत फागुनमा चलचित्र विकास बोर्डमा उनले फिल्मको शीर्षक दर्ता गरेका हुन् । 'भैरव' (२०१५)पछि उनले दोस्रो पटक फिल्म निर्देशन गर्न लागेका हुन् ।

फिल्म दर्ता गर्दा निखिलले कलाकारमा आफूसहित श्रीमती सञ्चिता लुईंटेलको नाम राखेका छन् । यसको मतलब फिल्ममा निखिल र सञ्चिताको जोडी बाँधिनेछ । यो उनीहरुको एक दशकपछिको सहकार्य हुनेछ । विवाहअघि उनीहरुले 'दाग', 'माया त माया हो', 'विजयपथ', 'सम्झना' जस्ता फिल्ममा एकसाथ काम गरेका थिए । उनीहरुलाई फेरि पर्दामा हेर्न दर्शकका लागि पनि रोचक हुनेछ ।

तीन महिनाअघि निखिलले एक अन्तर्वार्तामा नयाँ फिल्मको छायांकन आगामी जेठबाट सुरु गर्ने बताएका थिए । उनले भनेका थिए, 'म जेठबाट नयाँ फिल्मको छायांकन गर्छु होला । यो द्वन्द्व (एक्सन)मा आधारित फिल्म हुनेछ । यसको मतलब फिल्ममा सिर्फ द्वन्द्व छैन । पहिला चाहिँ म सिर्फ द्वन्द्व गर्थें । र, मैले गर्ने द्वन्द्वमा कथा हालिन्थ्यो । अब मैले बनाउने फिल्मको कथामा चाहिँ द्वन्द्व हुन्छ ।'

उनले आगामी फिल्म सुपरहिरो पात्रमा आधारित रहने पनि प्रष्ट पारेका थिए । 'मेरो फिल्मको सुपरहिरो एकदमै 'इनोसेन्ट' (निर्दोष) छ मजस्तै । उसमा 'सुपर पावर' त आयो तर कुनै मुद्धा नै छैन । फिल्ममा हाम्रो संस्कृतिलाई जोड दिनेछु । नेवारी भाषालाई बढी प्रयोग गर्ने मेरो कोसिस छ,' उनले भनेका थिए । यसअघि 'आचार्य' शीर्षकमा गायक भक्तराज आचार्यको बायोपिक बनेको थियो ।

# '११:५५'लाई प्रिमियरमा कसले के भने ?

काठमाडौं/नेपालमा क्राइम थ्रिलर जनरामा विरलै फिल्म बन्ने गरेका छन् । धेरैपछि यही जनरामा बनेको फिल्म '११:५५' (डु नट ट्रस्ट एनिवन) शुक्रबारबाट प्रदर्शनमा आउँदैछ । ट्रेलरबाट दर्शकको ध्यान खिच्न सफल देखिएको फिल्मले बुधबार काठमाडौंमा आयोजित प्रिमियरमा सकारात्मक प्रतिक्रिया प्राप्त गरेको छ । प्रिमियरमा पुगेका प्राय:ले सस्पेन्स पक्ष र कलाकारको अभिनयको प्रशंसा गरे ।

अभिनेत्री तथा पूर्व मिस नेपाल मलिना जोशी, निर्देशकहरू सवीर श्रेष्ठ, सुवर्ण थापा, लक्ष्मण सुवेदी, सुवास कोइराला, अभिनेताहरू आर्यन अधिकारी, गजित बिष्ट, जयकिशन बस्नेत, निर्माता तथा वितरक गोपालकाजी कायस्थ, कलाकारहरू दीपक आचार्य, बबिन राई (गल्फने बाजे)सहित यतिबेला प्रदर्शनरत फिल्म 'होस्टेल ३'का निर्देशकदेखि कलाकारसम्म प्रिमियरमा उपस्थित भएका थिए ।

मेलिनाले '११:५५' नेपालमा क्राइम थ्रिलर जनरामा बनेको उत्कृष्ट फिल्म रहेको दाबी गरिन् । उनले भनिन्, 'जुन जनरामा यो फिल्म बनेको छ, त्यसमा उत्कृष्ट छ । फिल्ममा अभिनय गरेका सबै कलाकारले उत्कृष्ट काम गर्नुभएको छ । अझ विशेष त अभिनेत्री सृष्टि श्रेष्ठको अभिनय र पात्रले मेरो मन जित्यो । सस्पेन्स क्राइम थ्रिलर जनराका फिल्म रुचाउने दर्शकलाई यो फिल्म अवश्य मन पर्छ ।'

'काकु'को रुपमा परिचित कलाकार दीपक आचार्यले पनि फिल्मको प्रशंसामा शब्द खर्चिए । 'क्राइम थ्रिलर जनरामा नेपालमा खासै फिल्म बन्दैनन् । निर्माताले ठूलो जोखिम मोलेर यो जनराको फिल्म बनाउनुभएको छ । मलाई फिल्म उत्कृष्ट लाग्यो । क्राइम थ्रिलर फिल्म मन पर्नेले एकपटक हेर्नैपर्छ । कलाकारहरु सबैले निकै उत्कृष्ट काम गर्नुभएको छ । कथाले पनि बाँधेर राख्छ,' उनले भने ।

'सुनगाभा' निर्देशक सुवर्ण थापाले एउटै घरभित्र गजबले फिल्म सकाएको भन्दै निर्देशक केशव पाण्डेको प्रशंसा गरे । उनले क्राइम थ्रिलर जनरामा बन्ने फिल्मलाई प्रोत्साहन गर्नुपर्ने बताए । अभिनेता जयकिशन बस्नेतले आफूलाई फिल्म रोचक लागेको प्रतिक्रिया दिए । एउटै घरभित्र खिचिएको भए पनि कलाकारहरूको अभिनय र प्रस्तुतिकरणले फिल्म हेरुन्जेल बाँधेर राख्ने उनको भनाइ छ ।

प्रिमियरमा मिलेको प्रतिक्रियाले फिल्मका शीर्ष कलाकारहरु सृष्टि श्रेष्ठ, महेश त्रिपाठी, करिश्मा श्रेष्ठ र सागर खनाल खुसी देखिएका थिए । सञ्चारकर्मीसँगको कुराकानीमा महेशले सृष्टिको कामको प्रशंसा गरे । 'फिल्मले एकछिन पनि सोच्न दिएन भन्ने प्रतिक्रिया धेरै मिलेको छ । त्यो कुराले खुसी लागेको छ । फिल्म हेर्दा मलाई सृष्टिको एकदमै राम्रो काम लाग्यो । सृष्टिलाई बधाई छ,' उनले भने ।

केशव पाण्डेको निर्देशनमा बनेको फिल्ममा निर्देशक पाण्डेसँगै एमएस अग्रज र शेखर ज्ञवालीको लेखन छ । श्याम शर्मा र सरोजा शर्माको लगानीमा तयार भएको '११:५५'मा प्रद्युमन मिश्रको डिओपी छ भने रामशरण उप्रेतीको सिनेमाटोग्राफी, अल्मोडा राना उप्रेतीको संगीत, कविराज गहतराजको कोरियोग्राफी, देव महर्जनको द्वन्द्व निर्देशन तथा पासाङ दावा शेर्पाको सम्पादन रहेको छ ।

के तपाई फोटो कपी प्रिन्टर मेसिन किन्दै हुनुहुन्छ ?
Brother, Canon, HP, Sharp Ricoh, Epson, Kyocera, Lexmark
टोनर रिफिलिङ्ग, प्रिन्टर, कम्प्युटर, फोटोकपी लगायतको सर्भिस छिटो छरितो र भरपर्दो रुपमा गर्नुभई ढुक्क हुनुहोस् ।
Printer Shop
The complete office solution
Contact No. 9845292140, 057-527041, Schoolroad, Hetauda-4
tonerhouse_htd@yahoo.com

# जलवायू परिवर्तनको कारण असोजमा बाढीपहिरो आयो: मन्त्री सिलवाल



साझाकुरा संवाददाता

हेटौंडा, ७ चैत/ बागमती प्रदेशका वन तथा वातावरण मन्त्री कृष्णप्रसाद सिलवालले जलवायू परिवर्तनका कारण नेपालले ठूलो प्राकृतिकविपत्तीको सामना गर्नुपरेको बताएका छन् ।

जलवायू परिवर्तनको असरस्वरुप वर्षा सकिएपछि असोजमा बाढीपहिरो जस्ता विपत्ती आएको उनको धारणा छ । संघीय वन तथा वातावरण मन्त्रालयको आयोजनामा बिहीबार प्रदेश राजधानी हेटौंडामा आयोजित जलवायू परिवर्तनका लागि नेपालको तेस्रो राष्ट्रिय निर्धारीत योगदान (एनडीसी) तथा सगरमाथा संवादको अन्तरक्रिया कार्यक्रममा बोल्दै मन्त्री सिलवालले बेमौसमी विपत्तीले बागमती प्रदेश १० वर्ष पछाडि धकेलिएको बताए । मन्त्री सिलवालले अन्य देशले गरेको कार्बनडाइअक्साइडलगायतका हरितगृह ग्यास उत्सर्जनको सजाय नेपालले भोग्नुपरेको जिकिर गरे ।

कार्यक्रममा वन तथा वातावरण मन्त्रालय जलवायू व्यवस्थापन महाशाखा उपसचिव प्राध्यापक नरेश शर्माले नेपालको तेस्रो राष्ट्रिय निर्धारित योगदानको आवश्यकता, एनडीसी अवलम्बन प्रक्रिया, मार्गदर्शक सिद्धान्त, एनडीसी २०२५ निर्माणको कार्ययोजना, मस्यौदा प्रतिवेदनमा समेटिएका विषय, हरितग्यास उत्सर्जन न्यूनीकरणका लक्ष्य, जलवायू परिवर्तनको प्रभावलागायत बारेमा प्रस्तुतीकरण राख्नुभएको थियो ।

जलवायू परिवर्तनको कारण निम्तिएको विपत्तीका कारण सन् २०२४ मा नेपालमा २ सय ३९ जनाको मृत्यु भएको, १ सय ७८ जना घाइते तथा ११ हजार परिवार विस्थापित हुन पुगेको बताइएको छ । प्रतिवेदन अनुसार नेपालका ४७ हिमताल अझै पनि खतरासूचिमा रहेको जनाइएको छ । कार्यक्रममा आउँदो जेठ २, ३ र ४ गते आयोजना हुन लागेको सगरमाथा संवादको बारेमा पनि जानकारी गराइएको थियो । संवाद जलवायू परिवर्तनले पारेको प्रभाव, समावेशी समाधान, अन्तर्राष्ट्रिय समन्वय र सहकार्यलगायतका विषयमा केन्द्रित रहने बताइएको छ ।

# सडकमै पल्टियो भारतीय ग्यास बुलेट



साझाकुरा संवाददाता

हेटौंडा, ७ चैत/ मकवानपुरमा भारतीय ग्यास बुलेट र ट्रक एकआपसमा ठोक्किएर दुर्घटना भएको छ । बिहीबार बिहान सवा ७ बजे हेटौंडा उपमहानगर पालिका-८ स्थित पूर्वपश्चिम सडकखण्डमा ट्रक र ग्यास बुलेट ठोक्किएर दुर्घटना भएको हो ।

जिल्ला प्रहरी कार्यालय मकवानपुरका प्रवक्ता डिएसपी श्यामु अर्यालका अनुसार बीरगन्जबाट धार्के आउँदै गरेको एनएल ०१ एए ५००७ नम्बरको भारतीय ग्यास बुलेट र विपरीत दिशातर्फ जाँदै गरेको ग १ ख ९४८१ नम्बरको ट्रक ठोक्किँदा ग्यास बुलेट सडक किनारमा पल्टिएको हो ।

दुर्घटनामा मानवीय क्षति नभएको डिएसपी अर्यालले जानकारी दिएका छन् । ग्यास बुलेट सडक किनारमा पल्टिएकाले सवारी आवागमनमा अवरोध नभएको डिएसपी अर्यालले जानकारी दिए ।

# विपन्नसँग अध्यक्ष कार्यक्रम अन्तर्गत ७ जनाले गरे सम्झौता



साझाकुरा संवाददाता

हेटौंडा, ७ चैत/ मकवानपुरको विकट मानिने कैलाश गाउँपालिकाले सञ्चालन गरेको विपन्नसँग अध्यक्ष कार्यक्रममा ७ जना किसान तथा उद्यमीले सम्झौता गरेका छन् ।

विहीबार गाउँपालिकामा एक अन्तरक्रिया गरेसँगै छनोटमा परेका ७ जनाले कार्यक्रममा सम्झौता गरेका हुन् । गाउँपालिकाले कार्यविधि तयारी पारेर व्यवसाय र उद्यमीका साथै कृषि तथा पशुपालन क्षेत्रमा बीउपूँजी अनुदानस्वरुप विपन्नसँग अध्यक्ष कार्यक्रम सञ्चालन गरिएको गाउँपालिकाका अध्यक्ष लोकबहादुर मुक्तानले बताए । कार्यविधिमा तोकिएको अनुदान हामी प्रदान गर्नेछौं, दीर्घकालीनरुपमा आर्थिकपक्ष बलियो होस् भन्ने हेतुले यी कार्यक्रम सञ्चालन गरेका हौं, अध्यक्ष मुक्तानले भने ।

उनले अनुदानलाई सदुपयोग गरेर व्यवसाय वृद्धि विकास गर्नेलाई गाउँपालिकाले सम्मान समेत गर्ने बताउँदै लाभान्वितलाई प्रतिफल आउने गरी काम गर्न आग्रह समेत गरेका छन् । कार्यविधिमा व्यवसाय मात्र नभई विपन्नवर्गलाई उपचार, काजक्रिया लगायत अन्य क्षेत्रमा समेत सहयोग पुऱ्याउने गरेको अध्यक्ष मुक्तानले बताए । १६ जनाले आवेदन दिएकोमा कार्यविधिको मापदण्ड अनुसार ७ जना छनोट गरिएको महिला तथा बालबालिका शाखा प्रमुख रमिला सापकोटाले बताइन् ।

छनोटमा परेकामध्ये २ जना मौरीपालन, २ जना टनेलभित्र तरकारीखेती, एक/एक जना किराना, टेलर्स र कुटानीपिसानी मिलको लागि सम्झौता गरिएको सापकोटाले बताइन् । गतवर्ष भने १७ जनाले कार्यक्रममा सहभागिता जनाएका थिए । बीउपुँजीको लागि कार्यविधिमा उल्लेख बमोजिम छनोट भएका प्रतिव्यक्ति २० हजार अनुदानस्वरुप प्रदान गरिने गरेको सापकोटाले बताइन् ।

सम्झौता कार्यक्रममा गाउँपालिकाका अध्यक्ष मुक्तान, प्रमुख प्रशासकीय अधिकृत अमुल श्रेष्ठ, महिला तथा बालबालिका शाखाप्रमुख रमिला सापकोटालगायत लाभग्राहीको उपस्थिति रहेको थियो । सम्झौता पश्चात लाभग्राहीले कार्यविधिमा भए बमोजिम आफूले कार्यान्वयन गरिने बताएका छन् । आफ्नो व्यवसाय वृद्धिका साथै आर्थिकपक्षलाई समेत वृद्धि हुनेगरी काम गरिने बताए ।

# भारतले ‘बीआईएस’ नवीकरण नगर्दा रोकियो सिमेन्ट र प्लाइउड निर्यात



नेपालबाट पाँच महिनादेखि भारततर्फको सिमेन्ट निर्यात र एक सातादेखि प्लाइउड निर्यात रोकिएको छ।

काठमाडौं, ७ चैत/ भारतले ‘बीआईएस’ प्रमाणपत्र नवीकरण नगर्दा नेपालका प्रमुख दुई उत्पादन सिमेन्ट र प्लाइउडको भारत निर्यात रोकिएको छ । सिमेन्ट र प्लाइउडको निर्यातले अर्थतन्त्रमा बिस्तारै सकारात्मक सन्देश जान थालिरहेका बेला भारतको पछिल्लो कदमका कारण ती वस्तु रोकिँदा निर्यातजन्य उद्योग असमञ्जसमा परेको सम्बद्ध उद्योगी तथा व्यवसायीहरूको गुनासो छ ।

नेपालबाट पाँच महिना देखि भारततर्फको सिमेन्ट निर्यात र एक सातादेखि प्लाइउड निर्यात रोकिएको छ । यसको असर नेपालको निर्यात व्यापारमा देखिन थालेको उद्योगी-व्यवसायीहरू बताउँछन् । भारतले १२ मार्च (२८ फागुन) देखि ‘ब्युरो अफ इन्डियन सर्टिफिकेट्स (बीआईएस) प्रमाणपत्रको कारण देखाउँदै नेपालबाट गएको प्लाइउड नाकामै रोकिराखेको छ । नेपाल प्लाइउड उत्पादक संघ अध्यक्ष होमप्रसाद घिमिरेका अनुसार नेपालबाट प्लाइउड लिएर भारततर्फ गएका ३४ वटा ट्रकलाई भारतले सीमानाकामै रोकेको छ ।

‘बीआईएसको कारण देखाउँदै भारतले भन्सार पास दिएको छैन,’ संघ अध्यक्ष घिमिरेले संचारकर्मीसँग भने, ‘यसले निर्यातकर्तालाई अन्योलमा पारेको छ ।’ काँकडभिट्टा, भैरहवा, कृष्णनगर, नेपालगञ्ज र विराटनगर नाकाबाट प्लाइउड निर्यात रोकिएको घिमिरेले जानकारी दिए । उनका अनुसार गुणस्तर प्रमाणका लागि प्रयोग हुने बीआईएस प्लाइउड उद्योगका हकमा अगस्ट २८ सम्म लागु हुँदैन भन्ने थियो । तर, भारतले भने १२ मार्चदेखि नै आयात रोकिदियो ।

भारत सरकारले एक वर्षअघि राजपत्रमा सूचना प्रकाशित गरी बीआईएस प्रमाणपत्र नलिएका कुनै पनि वस्तु आयात नगर्ने घोषणा गरेको थियो । त्यसअनुसार नेपालबाट निर्यात हुने वस्तु पनि बीआईएस लिनुपर्ने अवस्थामा पुगेका थिए । यस्तै, प्लाइउड र प्लाइढोकाका हकमा भने बीआईएस नलिई एक वर्ष थप निर्यात गर्न सक्ने सुविधा भारतले दिएको थियो । राजपत्रमा ठूला उद्योगले २८ फेब्रुअरी २०२५, मझौलाले २८ मार्च र साना उद्योगले २८ अगस्टसम्म बीआईएस लिनुपर्ने उल्लेख थियो ।

‘उनीहरूको नोटिफिकेसनमा अगस्टसम्म जान पाउने भनेर उल्लेख छ, तर नेपाललाई त्यो सुविधा दिन्नौं भनेर भारतले बखेडा गरेपछि अहिले गएका ३४ वटा ट्रक मेची भन्सारमा रोकिएका छन्,’ संघ अध्यक्ष घिमिरेले भने, ‘भन्सार पास गरिसकेका गाडी भारतीय भन्सारले रोकिदिएको छ ।’ उनका अनुसार नेपाली उद्योगीहरूले बीआईएसका लागि निवेदन दिइसकेका छन् । भारतको सम्बन्धित कार्यालयले निवेदन लिने र नेपाली उद्योग निरीक्षण गर्न शुल्कसमेत लिइसकेको छ र निरीक्षक पनि तोकिसकेको छ । तर, निरीक्षक भने निरीक्षण गर्न आएका छैनन् ।

यस विषयमा उद्योग, वाणिज्य तथा आपूर्ति मन्त्रालयसँग पनि छलफल भएको र मन्त्रालयले एकदमै राम्रो प्रतिक्रिया जनाएको अध्यक्ष घिमिरेले जानकारी दिए । ‘यो विषयमा वाणिज्य मन्त्रालयले भारतीय दूतावास र परराष्ट्र मन्त्रालयसँग समस्या समाधान गरि दिन आग्रह गरेको जानकारी पाएका छौं,’ घिमिरेले भने, ‘हामीले यो समस्या समाधानका लागि प्रधानमन्त्रीज्यूलाई भेट्न खोजेका छौं, तर समय पाएका छैनौं । प्रधानमन्त्रीज्यूले भारतीय राजदूतसँग समन्वय गर्नुभयो भने समस्या समाधान होला कि भन्ने आशा छ ।’

### एक वर्षमा साढे ७ अर्बको प्लाइउड निर्यात

प्लाइउड उत्पादक संघ अध्यक्ष घिमिरेले नेपालका ८० उद्योगले प्लाइउड उत्पादन गर्ने र ४५ उद्योगले भारततर्फ निर्यात गर्दै आएको जानकारी दिए । उनका अनुसार ४५ मध्ये २ उद्योगले भारतबाट बीआईएस पाएका छन् । एक वर्षअघि ४५ वटै उद्योगले भारतको गुणस्तर चिह्न (बीआईएस) प्राप्त गर्न भारतमा आवेदन दिएका थिए । तर, मोरङका ग्रिन प्लाइ र सेन्चुरी प्लाइ उद्योगले मात्रै बीआईएस पाए पनि बाँकी ४३ उद्योगले बीआईएस प्राप्त गर्न नसकेको घिमिरेले जानकारी दिए ।

भन्सार विभागका अनुसार चालु आर्थिक वर्ष २०८१/८२ को आठ महिना (साउन-फागुन) अवधिसम्म प्लाइउड निर्यात २० प्रतिशतले बढेर ५ अर्ब ८८ करोड रुपैयाँ बराबर पुगेको छ । यस्तै आव २०७९/८० मा ४ अर्ब ७० करोड बराबरको प्लाइउड निर्यात भएको थियो । २०८०/८१ मा ७ अर्ब ४३ करोड बराबरको प्लाइउड निर्यात भएको तथ्यांक छ ।

### सिमेन्टमा निर्यातमा पनि उस्तै समस्या

भारतले प्लाइउडमा जस्तै आईएसआई प्रमाणपत्र नवीकरण नगरिदिँदा नेपालबाट हुने सिमेन्ट निर्यात पनि रोकिएको छ । भारत सरकारको ब्युरो अफ इन्डियन स्ट्यान्डर्ड्स (बीआईएस) ले गुणस्तर सम्बन्धी इन्डियन स्ट्यान्डर्ड्स इन्स्टिच्युट (आईएसआई) सर्टिफिकेट नवीकरण नगरिदिएका कारण नेपाली सिमेन्ट निर्यात रोकिएको हो । रुपन्देहीस्थित अर्घाखाँची सिमेन्ट लिमिटेडको निर्यात ठप्प छ । अर्घाखाँची सिमेन्ट उद्योगका सञ्चालक पशुपति मुरारकाले गत ९ असोजदेखि अर्घाखाँची सिमेन्ट निर्यात रोकिएको जानकारी दिए । अहिले दुई-तीन वटा उद्योगको बाहेक अरूको निर्यात ठप्प रहेको मुरारकाले बताए ।

तै पनि उद्योगी मुरारका भारतमा नेपाली सिमेन्टको बजार राम्रो रहेको बताउँछन् । तर, सर्टिफिकेट नवीकरण नहुनु चिन्ताको विषय बनेको उनको भनाइ छ । अहिले नवीकरण अभावमा उद्योगहरूको निर्यात रोकिएको उनले बताए । ‘सर्टिफिकेट लिएको दुई-दुई वर्षमा नवीकरण गर्नुपर्ने नियम छ,’ नेपाल उद्योग वाणिज्य महासंघका पूर्वअध्यक्ष समेत रहेका मुरारकाले संचारकर्मीसँग भने, ‘अहिलेको अवस्थामा भारतले नवीकरण गर्न मानिरहेको छैन । नवीकरण नगर्नुको कारणबारे केही बोलेको पनि छैन, जवाफ केही पनि फर्काउँदैन । यो त अचम्मै भयो ।’ उनका अनुसार उद्योगीहरूले नवीकरणका लागि लाग्ने दस्तुर र कागजपत्र सबै बुझाइसकेका छन् । तर, सबै कुरा ठिकठाक हुँदाहुँदै पनि भारत किन मौन बस्यो भन्ने मुख्य कुरा हो ।


‘यसो हुनुमा राजनीतिक कारण पनि हो कि भन्ने लागेको छ,’ मुरारकाले भने, ‘उद्योगमन्त्रीले पनि दुई पटक भारत भ्रमण गरि सक्नुभयो । त्यतिबेला उहाँले आफ्ना समकक्षीसँग कुरा पनि राख्नुभएको थियो । त्योबेला उनीहरूले नवीकरण गर्छौं भनेको भए पनि अहिलेसम्म गरेको छैन ।’ उनका अनुसार अहिले सिमेन्ट निकासी गर्न सक्ने अवस्थामा पाल्पा, घोराही र सर्वोत्तम सिमेन्ट छन् । उनीहरूको पनि जुलाई महिनामा नवीकरण अवधि सकिँदैछ । सर्वोत्तमको पनि ओपीसीको सिमेन्ट मिति सकिएको र पीपीसी सिमेन्टको जुलाईमा सकिने उनी बताउँछन् ।

यदि जुलाईपछि पनि भारतले नवीकरण नगरे नेपाली सिमेन्ट भारत निर्यात पूर्णरूपमा ठप्पै हुने भन्दै उनले चिन्ता व्यक्त गरे । ‘अहिले सिमेन्टको सिजन हो, हामीले भारतमा निर्यात गर्ने एउटा अवसर पाएका थियौं,’ मुरारकाले भने, ‘हामीले भारतमा मार्केटिङ गरेर ब्रान्ड स्थापित गरेका थियौं । हरेक महिना निर्यातको परिमाण पनि बढ्दै गइरहेको थियो । एकैपटक ठप्प हुँदा ब्रान्डिङमा गरेको खर्च पनि डुब्यो । निर्यात गर्न पाउने नपाउने पनि अनिश्चितता छ ।’ उनका अनुसार भारतमा सिमेन्टको वार्षिक खपत ५० करोड टन बराबर छ । नेपालको निकासी धेरै भए ५ लाख टनमात्र हो । नेपालबाट भारतमा सिमेन्ट ०.१ प्रतिशत पनि जाँदैन ।

*(स्रोत: अनलाइनखबर)*

## सांसद विन्दावासिनी कसांकारलाई प्रधानमन्त्रीको जवाफ

# ‘जलनपीडितको उपचारमा सरकार संवेदनशील छ’



साझाकुरा संवाददाता

हेटौंडा, ७ चैत/ प्रधानमन्त्री केपी शर्माओलीले जलनपीडितको उपचार तथा पुन:स्थापनाका सम्बन्धमा सरकार संवेदनशील रहेको बताएका छन् ।

बिहीवारको प्रतिनिधि सभाको बैठकमा सांसद विन्दावासिनी कसांकारको प्रश्नको जवाफ दिँदै प्रम ओलीले यस्तो बताएका हुन् । जलनपीडित र जलनका घाइतेहरुको उपचार र क्षतिपूर्तिको सन्दर्भमा आफू व्यक्तिगत रुपमा गम्भिर रहेको प्रधानमन्त्री ओलीको भनाइ छ । उनले तेजाव र अन्य रसायनिक घातकपदार्थ नियमन ऐनले प्रर्याप्त व्यवस्था गरेकोले विधेयकको छलफलका क्रममा सरकारले आधिकारिक धारणा राख्ने बताए ।

प्रम ओलीले भने, ‘जलनपीडित र जलनका घाइतेहरुको सन्दर्भमा अथवा क्षतिपूर्तिको सन्दर्भमा म गम्भिर छु । जलन पीडित र पुन:स्थापनाका सम्बन्धमा सरकार संवेदनशील छ । तेजाव र अन्य रसायनिक घातकपदार्थ नियमन ऐन, २०७९ ले यस सम्बन्धमा प्रर्याप्त व्यवस्था गरेको जानकारी गराउँदछु । जलनपीडितको उपचार, पुन:स्थापनाका सन्दर्भमा सदनमा दर्ता भएको निजी विधेयकको सम्बन्धमा दाफावार छलफलको क्रममा सरकारले आफनो धारणा विस्तृतरुपमा राख्ने नै छ ।’ उनले जलन अस्पतालहरुको विस्तार तथा स्तरोन्नति गर्नको लागि सरकारले काम गरिरहेको बताए ।

हेटौंडा उपमहानगरपलिका
**४ नं. वडा कार्यालय**
नगर विकास रोड, हेटौंडा, मकवानपुर
बागमती प्रदेश, नेपाल

**व्यवसाय दर्ता सम्बन्धी सार्वजनिक सूचना !**

हेटौंडा उपमहानगरपालिका वडा नं. ४ भित्र विभिन्न व्यवसाय गरिरहेको तर व्यवसाय दर्ता नगरेका तथा घर बहाल कर नतिरी बस्नु भएका व्यवसायीहरुले यथाशिघ्र हेटौंडा उपमहानगर पालिकामा व्यवसाय दर्ता गरी घर बहाल कर समेत तिर्नुहुन सविनय अनुरोध गर्दछौं ।

**माघ १७ गतेदेखि सञ्चालनमा**

विर पुर्खा यातायात प्रा.लि.द्वारा संचालित ई.भि. हेटौंडा-फापरबारी हुँदै सिन्धुलीबाट चकमके तिन पाटनसम्म

| हेटौंडाबाट छुट्ने समय | सिन्धुलीबाट छुट्ने समय | चकमकेबाट छुट्ने |
|---|---|---|
| बिहान : ७:३० बजे | बिहान: ९:०० बजे | बिहान : ६:०० बजे |
| बिहान : १०:०० बजे | दिउँसो : २:३० बजे | बिहान : ९:०० बजे |
| दिउँसो : १:३० बजे | दिउँसो : १२:१५ बजे | |

**नोट :**
☞ घरदैलो सेवा, सिजर्भको व्यवस्था ।
☞ नयाँ मोडलको गाडीहरु ।
☞ प्रति यात्रु ५ लाखको बिमा गरिएको छ ।
☞ दक्ष तथा अनुभवी चालकहरु ।



“नयाँ गाडिको आरामदायी मज्जा लिन कतै छुट्नु होला नि !”

काउन्टर लोकेशन: कान्तिराजपथ साझा बस लाग्ने स्थान सँगै
सम्पर्क नं.:९८५४०४२८८०, ०५७-५९१६५५, ९७६७४९०४४०
सिन्धुली सम्पर्क नं.: ९७६७४९३०३२

**हार्दिक बधाई तथा शुभकामना**





निजी तथा आवासीय विद्यालय अर्गनाइजेशन नेपाल (प्याब्सन) को १६ औं राष्ट्रिय महाधिवेशनबाट उपाध्यक्षमा निर्वाचित हुनुभएका तुल्सीमेहर मेमोरियल सेकेण्डरी स्कूलका संस्थापक **श्री आशिष श्रेष्ठ**, सर्वसम्मत सह-कोषाध्यक्षमा निर्वाचित हुनुभएको हेटौंडा-३, बसामाडीस्थित शिक्षा विकास शिशु सदनकी संस्थापक प्रिन्सिपल **श्री ग्रेस श्रेष्ठ**सहित नवनिर्वाचित समितिलाई हार्दिक बधाई ज्ञापन गर्दै सफल कार्यकालको शुभकामना व्यक्त गर्दछौं ।

**नबोदय शिशु सदन इङ्लिस बोर्डिङ स्कूल**
**हेटौंडा-४, मकवानपुर परिवार**

साझाकुरा राष्ट्रिय दैनिकका लागि **सविन न्यौपाने**द्वारा प्रकाशित, सम्पादक: **सरला खनाल**, कार्यालय/मुद्रण: हेटौंडा-१ चौकीटोल, फोन नं.: ०५७-५२१११५, E-mail:sajhakura@gmail.com, URL: www.sajhakuranews.com, पोष्ट बक्स नं. २९, **मुद्रण:** सफल छापाखाना